ehetaudasandesh.com
हेटौंडा राष्ट्रिय दैनिक
२५ औं वर्ष
# सन्देश
प्रदेश "क" वर्ग
Hetauda Sandesh Daily
वर्षः २५ ॥ अंकः ३४५ ॥ शुक्रबार २२ जेठ २०८३ ॥ पञ्चमी ॥ ने.सं. ११४६ ॥ अनलागा ॥ Friday 5 June 2026 ॥ पृष्ठ : ४ ॥ मूल्यः रु.३/-

## हेटौंडा–११ मा भलिबल शुरु

सन्देश संवाददाता

हेटौंडा/हेटौंडा उपमहानगर पालिका–११ नम्बर वडा सरस्वतीको खेलमैदानमा आयोजित जिल्ला स्तरीय भलिबल प्रतियोगिता उद्घाटन गरिएको छ । खेल उद्घाटन कार्यक्रमकी प्रमुख अतिथि वडा अध्यक्ष जुना दाहालले खेलका क्याप्टेनलाई बल दिएर गरेकी हुन् ।

सरस्वती टोलविकास संस्थाको आयोजना र हेउमनपा–११ नम्बर वडा कार्यालयको प्रायोजनमा खेल भएको हो । उद्घाटन खेल आयोजक संस्थाका टिमबीच प्रतिस्पर्धा भएको भएको थियो भने ६ वटा टिमले खेल प्रदर्शन गरिसकेको कार्यक्रम संयोजक सञ्जय बिडारीले जानकारी दिए । जेठ २४ गतेसम्म चल्ने भलिबल खेलमा १३ वटा टिमले प्रतिस्पर्धा गर्ने आयोजक सज्जन रिमालले जानकारी दिए ।

सरस्वती टोलविकास संस्था अध्यक्ष गोकुल बिडारीको सभाध्यक्षतामा भएको भलिबल प्रतियोगिता समापन कार्यक्रममा २०३६ सालदेखि विभिन्न काल खण्डमा खेलकुद तथा भलिबलका विभिन्न विधामा उत्कृष्ट योगदान पु¥याउने अग्रज तथा उत्कृष्ठ खेलाडीहरुलाई सम्मान गरिने आयोजकले जनाएको छ ।

# प्रदेशले ९ करोड दिएपछि रंगशाला निर्माण सुरू



सन्देश संवाददाता

हेटौंडा/रोकिएको गौतमबुद्ध क्रिकेट रंगशालाको निर्माण फेरि सुरु भएको छ । बागमती प्रदेश सरकार बाट बजेट निकासामा ढिलाइ भएकाले यसअघि भुक्तानी नपाएको भन्दै निर्माण कम्पनीले एक महिना निर्माण कार्य रोकेको थियो । बागमती प्रदेश सरकारबाट ९ करोड निकासा भएपछि निर्माण कार्य पुनर्सञ्चालन भएको भरतपुर महानगरपालिकाका इञ्जिनियर आदर्श पोखरेलले जानकारी दिए ।

महानगरपालिकाका डिभिजन इञ्जिनियर सन्तोष आचार्यले निर्माण कम्पनीलाई बिलअनुसार भुक्तानी भइसकेको बताए । रंगशालाको निर्माणको काम हिमालयन कालीञ्चोक बीबीआर जेभीले गर्दैछ । ठेक्का सम्झौताको म्याद पुस २२ गते सकिन्छ । हाल ५५ प्रतिशत् काम पूरा भएको छ । २०८१ असारमा भरतपुर महानगरपालिका र निर्माण कम्पनी बीच २०८३ पुस २२ गते काम सक्ने गरी ७५ करोड ५० लाख ९१ हजार १ सय ८९ मा सम्झौता भएको थियो । धुर्मुस-सुन्तली फाउण्डेसनले काम गर्न नसकेपछि महानगरपालिकाले बोलपत्रमार्फत् काम थालेको हो ।

नेपाल सरकारको आर्थिक वर्ष २०८३/०८४ को बजेटले खेलकुद पूर्वाधार विकासलाई प्राथमिकतामा राख्दै देशभर आधुनिक रंगशाला निर्माण तथा स्तरोन्नतिको महत्वाकांक्षी योजना अघि सारेको छ । बजेटमार्फत् प्रमुख आठ सहरमा आधुनिक क्रिकेट रंगशाला निर्माण गर्ने, फ्लडलाइटसहित १० वटा फुटबल रंगशाला स्तरोन्नति गर्ने तथा विभिन्न स्थानमा इन्डोर मल्टिपर्पोज स्टेडियम निर्माण गर्ने घोषणा गरिएको हो । सरकारले खेलपर्यटन प्रवर्द्धन, युवालाई खेलतर्फ आकर्षित गर्ने र अन्तर्राष्ट्रिय प्रतियोगिता आयोजना गर्न सक्ने पूर्वाधार निर्माण गर्ने लक्ष्यसहित योजना सार्वजनिक गरेको जनाएको छ ।

तर, सरकारको यही महत्वाकांक्षी योजनाबीच चितवनको भरतपुरमा निर्माणाधीन गौतमबुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रंगशालाको विषय भने बजेटमा समेटिन नसक्दा स्थानीय तथा खेलप्रेमीहरु निराश बनेका छन् । लामो समयदेखि अधुरो अवस्थामा रहेको उक्त रंगशाला राष्ट्रिय गौरवको परियोजनाका रुपमा चर्चामा रहे पनि यस वर्षको बजेटमा निर्माण सम्पन्न गर्न आवश्यक बजेट विनियोजन वा स्पष्ट कार्ययोजना–बारे उल्लेख गरिएको छैन ।

भरतपुर महानगरपालिका–१५ मा निर्माणाधीन क्रिकेट रंगशाला करिब ३० हजार दर्शक क्षमताको हुनेछ । फाउन्डेसनको पहलमा जनस्तरबाट सुरु गरिएको परियोजना आर्थिक अभावका कारण रोकिएको थियो । निर्माण कार्य ठप्प भएपछि यसको स्वामित्व तथा व्यवस्थापन बारे विभिन्न समयमा बहस हुँदै आएको छ । संघीय सरकार, प्रदेश सरकार तथा स्थानीय तहबीच समन्वय अभाव हुँदा परियोजना अन्योलमै रहेको देखिन्छ । नेपालमा पछिल्लो समय क्रिकेटको लोकप्रियता तीव्ररुपमा बढिरहेको छ । नेपाली राष्ट्रिय क्रिकेट टोलीले अन्तर्राष्ट्रिय प्रतियोगितामा उल्लेखनीय प्रदर्शन गरिरहँदा दर्शक तथा खेलप्रेमीहरुको उत्साह पनि बढ्दो छ । त्रिवि क्रिकेट मैदानमा हुने खेलमा दर्शकको अत्यधिक भीड लाग्ने गरेको छ भने अन्तर्राष्ट्रियस्तरको पर्याप्त पूर्वाधार अभाव लामो समयदेखि महसुस हुँदै आएको छ । यस्तो अवस्थामा भरतपुरमा निर्माणाधीन गौतमबुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रंगशालालाई सरकारले प्राथमिकतामा राख्नुपर्ने आवाज बलियो बन्दै गएको छ ।

स्थानीय खेलप्रेमीहरुले नयाँ रंगशाला निर्माणको घोषणा सकारात्मक भए पनि अधुरा राष्ट्रिय महत्वका परियोजना सम्पन्न गर्न सरकार गम्भीर हुनुपर्ने बताएका छन् । 'नयाँ योजना ल्याउनु राम्रो हो । तर , वर्षौंदेखि अलपत्र रहेको रंगशालालाई बेवास्ता गर्नु दुःखद हो,' भरतपुरका एक खेलप्रेमीले बताए । उनका अनुसार क्रिकेट नेपालको सबभन्दा लोकप्रिय खेलमध्ये एक बनिसकेको अवस्थामा अन्तर्राष्ट्रिय मापदण्डको रंगशाला निर्माणमा सरकारले विशेष ध्यान दिनु आवश्यक छ ।

चितवनका सरोकारवालाहरुले समेत गौतमबुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रंगशाला निर्माण सम्पन्न भए भरतपुर खेल पर्यटनको महत्वपूर्ण केन्द्र बन्न सक्ने बताएका छन् । यसले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगिता आयोजना गर्न सहज हुने, स्थानीय व्यवसाय प्रवर्द्धन हुने तथा युवामा खेलप्रति थप आकर्षण बढ्ने विश्वास गरिएको छ ।

## रविले दिए नेपाल भ्रमणको निम्तो, मोदीले देखाए चासो

सन्देश संवाददाता

वीरगञ्ज/भारत भ्रमणमा रहेका राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीबीच भएको भेटवार्ताले कूटनीतिक वृत्तमा नयाँ चासो पैदा गरेको छ ।

भेटका क्रममा सभापति लामिछानेले प्रधानमन्त्री मोदीलाई नेपाल भ्रमणका लागि औपचारिक निम्तो दिएका छन् । जवाफमा प्रधानमन्त्री मोदीले आफू नेपाल आउन निकै उत्सुक रहेको र निकट भविष्यमा नेपाल भ्रमण गर्ने इच्छा व्यक्त गरेको भ्रमण दलमा सहभागी अधिकारीहरूले बताएका छन् ।

स्रोतका अनुसार प्रधानमन्त्री मोदीको सम्भावित नेपाल भ्रमणका लागि अब नेपाल सरकारका तर्फबाट औपचारिक निमन्त्रणा पठाउने तयारी भइरहेको छ । यसले नेपाल-भारत सम्बन्ध तथा उच्चस्तरीय कूटनीतिक भेटघाटको सम्भावनालाई थप बलियो बनाएको विश्लेषण गरिएको छ ।

प्रधानमन्त्री बालेन्द्र शाहको कार्यकालमा दुई देशबीच उच्च स्तरीय भ्रमणको विषयलाई लिएर विभिन्न अड्कलबाजी भइरहेका बेला लामिछाने र मोदीबीचको भेटलाई अर्थपूर्णरूपमा हेरिएको छ । प्रधानमन्त्री शाह पदमा नियुक्त भएलगत्तै मोदीले भारत भ्रमणका लागि निम्तो पठाएका थिए । प्रधानमन्त्री शाहले निम्तो स्वीकार गरेता पनि हालसम्म उनको भारत भ्रमण हुन सकेको छैन ।

## हेटौँडामा बृहत् निःशुल्क स्वास्थ्य शिविर हुने

सन्देश संवाददाता

हेटौँडा/हेटौँडामा बृहत् निःशुल्क स्वास्थ्य शिविर हुने भएको छ । जेठ ३० गते विहान ८:०० बजेदेखि वेलुका ४:०० बजेसम्म हेटौँडा-४ स्थित क्वीक ट्वान्टी पार्टी प्यालेसमा शिविर हुन लागेको हो । ४ नं. वडा कार्यालय, हेटौँडाको आयोजना, नेपाल हृदयरोग निवारण प्रतिष्ठान, मकवानपुर शाखाको सहआयोजना र मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान, हेटौँडाको विशेष सहयोगमा टोल विकास संस्था नगर समन्वय समिति, हेटौँडाको व्यवस्थापनमा हुने हेटौँडा-४ नं. वडा अध्यक्ष नवीन सिग्देलले बताए ।

यस्तो बृहत् शिविर तेस्रो पटक ४ नं. वडा कार्यालय र नेपाल हृदय रोग निवारण प्रतिष्ठान, मकवानपुर शाखाको सहकार्यमा हुँदै आएको अध्यक्ष सिग्देलले जानकारी दिए । बृहत् निःशुल्क शिविरमा मुटु रोग, स्त्री रोग र क्षय रोगसम्बन्धि विशेषज्ञ चिकित्सकहरुले स्वास्थ्य परिक्षणलगायतका सेवाहरु प्रदान गरिने बताईएको छ । निःशुल्क रूपमा भिडियो एक्सरे, ईसिजी, ईको सेवा उपलब्ध गराईने अध्यक्ष सिग्देलले जनाए ।

शिविरमा सुगर र लिपिड प्रोफाईल जेकजाँच, छातीको एक्सरे, पि.एफ.टी. (दम जाँच) निःशुल्क गरिने बताईएको छ । महिलाको पाठेघर जाँच, पाठेघर मुखको क्यान्सर चेकजाँच गरिनेछ । साथै जनरल फिजिसियन सेवासमेत उपलब्ध गराईने, ७ दिनको लागि आवश्यक औषधी निःशुल्क उपलब्ब गराईने वडा अध्यक्ष नवीन सिग्देलले जानकारी दिँदै शिविरबाट हुने निःशुल्क सेवाको उपयोग गर्न सबै सर्वसाधारणमा आग्रह गरे ।

शिविरको प्रमुख उदेश्य स्वास्थ उपचारमा सबैको पहुँच पुर्याउन र स्वस्थ नगर निर्माण अभियानलाई सबैले सार्थक प्रयत्न गरौं भन्ने रहेको छ भने आगामी अन्तराष्ट्रिय योग दिवसको सन्दर्भमा कार्यक्रम आयोजना हुन लागेको अध्यक्ष सिग्देलले बताए ।

# आज विश्व वातावरण दिवस

सन्देश संवाददाता

हेटौंडा/ आज विश्व वातावरण दिवस । वातावरण संरक्षण भनेको पृथ्वीका प्राकृतिक स्रोतहरु जस्तै हावा, पानी, माटो, वनजंगल र जीवजन्तुको दीगो प्रयोग र सुरक्षा गर्नु हो । यसले प्रदुषण घटाएर मानव र प्रकृतिकै सन्तुलन कायम राख्न मद्धत गर्दछ । मुख्य संरक्षणाका उपायहरुमा घर तथा कलकार खानाबाट निस्कने फोहोरलाई कुहिने र नकुहिने गरी वर्गीकरण गरी उचित व्यवस्थापन, वनफँडानी रोक्ने र बढीभन्दा बढी रुख रोपी हरियाली प्रवर्द्धन, सवारीसाधन र उद्योगबाट निस्कने धुवाँको मात्रा घटाउने र वैकल्पिक ऊर्जा जस्तैः सौर्य ऊर्जा, वायु ऊर्जाको प्रयोग बढाउने छन् ।



पानीको स्रोतहरु सफा राख्ने, बर्खाको पानी संकलन गर्ने र बिजुली तथा इन्धनको मितव्ययी प्रयोग गर्ने उपाय पनि छ । नेपालमा प्रकृतिको संरक्षण र जलवायु परिवर्तनका चुनौतीलाई सामना गर्न कानुनी व्यवस्था बलियो बनाइएको छ । वातावरण संरक्षण ऐन, २०७६ ले स्वच्छ र स्वस्थ्य वातावरणमा बाँच्न पाउने नागरिकको हकको सुनिश्चितता गर्न ऐन लागु गरिएको छ । वातावरण संरक्षण नियमावली, २०७७ वातावरण प्रभाव मूल्यांकन र प्रदुषण नियन्त्रणका लागि नियमहरु तोकिएको छ । यसको प्रभावकारी कार्यान्वयनका लागि वन तथा वातावरण मन्त्रालय र स्थानीय तहहरुले विभिन्न योजनाहरु सञ्चालन गर्दैछन् ।

वातावरण संरक्षण गर्न व्यक्तिगत् तथा सामूहिकरुपमा फोहोरको उचित व्यवस्थापन गर्ने, प्लाष्टिकको प्रयोग घटाउने, रुख रोप्ने र ऊर्जाको मितव्ययी प्रयोग गर्ने जस्ता कार्यहरु गर्नुपर्ने टोल विकास संस्था नगर समन्वय समिति अध्यक्ष ध्रुवप्रसाद अधिकारीले बताए । 'यसले प्रदुषण नियन्त्रण गर्न र भावीपुस्ताका लागि स्रोतसाधन जोगाउन मद्धत गर्दछ । फोहोर व्यवस्थापनमा कुहिने (जैविक) र नकुहिने (अजैविक) गरी वर्गीकरण गर्नुपर्दछ । कुहिने फोहोरबाट कम्पोष्ट मल बनाउन सकिने र नकुहिने फोहोर लाई रिसाइकलका लागि पठाउन सकिने उनले बताए ।

उनले किनमेल गर्दा कपडा वा जुटको झोला प्रयोग गर्ने बानी बसाल्न सल्लाह दिए । प्लाष्टिकका बोतल र झोलाहरु पूर्णरुपमा बहिष्कार गर्न आग्रह गरेका उनले खाली जग्गामा वा घरवरिपरि सम्भव भएसम्म बढी रुखबिरुवा रोप्न भनेका छन् । 'जंगलमा डँढेलो लाग्नबाट बचाउनुहोस् र जंगली जनावरको संरक्षणमा सहयोग गर्नुहोस् । आवश्यक नपर्दा बत्ती, पंखा र अन्य विद्युतीय उपकरणहरु बन्द गर्नुहोस् । पानीको दुरुपयोग रोक्नुहोस्, ब्रस गर्दा वा नुहाउँदा बढी पानी खेर नफाल्नुहोस् । सम्भव भएसम्म नवीकरणीय ऊर्जा जस्तैः सौर्य ऊर्जाको प्रयोग बढाउनुहोस् । छोटो दुरीका लागि हिंड्ने वा साइकल चलाउने गर्नुहोस् । लामो दुरीका लागि सार्वजनिक यातायातको प्रयोग बढाउनुहोस् । फोहोर बाल्ने काम बन्द गर्नुहोस् । यसले वायुप्रदुषण गराउँछ । वातावरण संरक्षणासम्बन्धि राष्ट्रिय वातावरण नीति र वातावरण संरक्षणका कानुनी प्रावधानहरु जानकारी लिन उनले आग्रह गरे ।

## स्वतन्त्र चालक संघमा श्रेष्ठ

सन्देश संवाददाता

हेटौँडा/स्वतन्त्र चालक संघ नेपालको अध्यक्षमा मिलन श्रेष्ठ सर्वसम्मत निर्वाचित भएका छन् । देशभरका चालकहरूको हकहित र पेसागत सुरक्षाका लागि क्रियाशील संघको मंगलबार हेटौँडामा सम्पन्न प्रथम महाअधिवेशनबाट श्रेष्ठको नेतृत्वमा सर्वसम्मत नयाँ नेतृत्व चयन गरेको हो ।

महाधिवेशनबाट संघको बरिष्ठ उपाध्यक्षमा अर्जुन थापा, उपाध्यक्षमा सन्तोष पौडेल, महिला उपाध्यक्षमा गंगा खड्का, महासचिवमा हिमाल विश्वकर्मा, कोषाध्यक्षमा विशाल मैनाली र वरिष्ठ उपाध्यक्षमा अर्जुन थापा निर्वाचित भएका छन् । त्यसैगरी प्रवक्तामा कुमार सुनुवार चयन भएका छन् ।

संघको अन्य पदाधिकारीहरूमा सहकोषाध्यक्ष आशुतोष पाण्डे तथा सचिव पदमा विपिन सिलवाल र राजकुमार लामा चयन भएका छन् ।

सूचना तथा प्रचारप्रसार विभागको जिम्मेवारी रेशम पौडेललाई सुम्पिएको छ भने कार्यसमितिका सदस्यहरू आवश्यकता अनुसार पछि थप गरिने संघले जनाएको छ ।






हेटौंडा सन्देश दैनिक
म.जि.प्र.का.द.नं:२६/०५८/०५९, म.जि.हु.द.नं:०७/०६३/०६४
२५ औं वर्ष
विचार
शुक्रबार २२ जेठ २०८३
Friday 5 June 2026


**उखान:** शिरमा टोपी छैन, खुट्टामा खोल ।

**॥ ॥ बेलाको बोली ॥ ॥**

स्वास्थ्य सबैभन्दा ठूलो उपहार हो ।

- गौतम बुद्ध

## सम्पादकीय

# विविधीकृत खेतीतर्फ किसान

मकवानपुरको १० वटा स्थानीय तहहरुमध्ये बेमौसमी तरकारीको खेतीको लागि प्रख्यात क्षेत्र हो थाहा नगरपालिका । मकवानपुकै बेमौसमी तरकारी खेतिको हव पालुङ क्षेत्रमा यतिबेला आलु खन्ने काम धमाधम भैरहेको छ । किसानहरु खेतबारीमा लगाएको आलु खनेर बजार पठाउन व्यस्त छन् । ४ महिना दुःख गरेर फलाएको आलुको भाउ नपाउँदा किसान चिन्तित बनिरहेको अवस्थामा केही किसानले भने नयाँ खेतिबाट मनग्य आम्दानी गरिरहेका छन् । थाहा नगरपालिका क्षेत्रको को प्रमुख आयस्रोत नै कृषि उपज हो । थाहाको पालुङ, बज्रबार र्‍हीलगायत क्षेत्रका किसान यतिबेला आलु खन्ने चटारोमा देखिन्छन् ।

फागुनमा लगाइएको आलु जेठको पहिलो सातादेखि खनेर तयार गरिन्छ । वर्षभरिको आम्दानीको प्रमुख आधार आलु र काउली खेतीलाई बनाएका कृषकहरु यतिबेला आलु बिक्रीमा व्यस्त छन् । तर, यस वर्ष आलुको मूल्य अपेक्षाकृत न्यून हुँदा कृषकहरु निराश देखिन्छन् । उत्पादन लागत बढ्दै जांदा उचित बजार भाउ नपाउँदा लगानीसमेत नउठ्ने हो कि भन्ने चिन्ता बढेको छ किसानमा । आम्दानीको जोखिम कम गर्न कृषकहरुले फरक-फरक जातका तरकारी खेती गर्न थालेका छन् । थाहाका धेरै बर्षदेखि यही पेशामा संलग्न युवा कृषकहरुले परम्परागत तरकारी खेतीसँगै उच्च मूल्य र माग भएका नयाँ प्रजातिका तरकारी उत्पादन गरेर कृषि पेशालाई थप दिगो बनाउने प्रयास गरिरहेका छन् । अन्य जातका आलु १० देखि १५ रुपैयाँ प्रतिकिलोमा बिक्री भइरहेकोमा उनले उत्पादन गरेको कालो आलुले प्रतिकिलो १ सय रुपैयाँभन्दा बढी मूल्य पाउन थालेको छ ।

यतिबेला उनको खेतमा रातो र पहेँलो रंगको भिँडेखुर्सानीका बिरुवा लहलह भएका छन् भने हरियो र पहेँलो रंगका फर्सी टिपेर बजार पठाइरहेका छन् । यी उत्पादनको बजारमा राम्रो माग र आकर्षक मूल्य रहेको उनीहरुको दावी छ । उनको खेतमा फलेको हरियो फर्सीको मुल्य ३० देखि ४० रुपैँया प्रतिकिलो छ । तर, सोही खेतको गह्रामा फलेका पहेँलो फर्सीको मुल्य १ सय रुपैँयादेखि १३० रुपैँया प्रतिकिलोसम्ममा बिक्री हुने गरेको छ । यि र यस्ता उब्जनीले किसान लाई थप राहत मिल्नुका साथै उनीहरुको जिवनस्तर पनि बढ्न सक्ने भएकोले तीनै तहको सरकारले यसमा होस्टेमा हैसे गर्नुपर्ने हुन्छ ।

**मकवानपुरमा आज**

१: ५४ औं बिश्व वातावरण दिवसको अवसरमा बृहत र्‍यालीसहितको सप्ताहब्यापी कार्यक्रमको समापन कार्यक्रम बिहान ७:०० बजे हेटौंडा-हुप्रचौरमा ।

## तपाईंको आज

**मेष** समस्याप्रति गम्भीर नबन्दा दुःख पाईनेछ । वादविवादले मन खिन्न तुल्याउनेछ । स्वास्थ्यका लागि खानपानमा ध्यान पुर्‍याउनु होला ।

**बृष** बाध्यात्मक परिस्थितिले सताए पनि मध्यान्हपछि स्थितिमा सुधार आउनेछ । प्रयत्न गर्दा भौतिक सुविधाका वस्तुहरू जुट्नेछन् ।

**मिथुन** काम गर्न बिहानको समय अनुकूल छ । व्यापारमा लाभ हुनेछ । प्रेम वा मित्रताको बन्धन कसिनेछ । आफन्तको साथ पाईनेछ ।

**कर्कट** भौतिक वस्तुहरू जुटाउन सकिनेछ । साँझतिर काम बिग्रने भयले सताउनेछ भने न्यून उपलब्धिमा चित्त बुझाउनुपर्ने देखिन्छ ।

**सिंह** सस्तो लाभमा लोभिँदा व्यर्थैमा खर्च हुनेछ । खर्च लागे पनि यात्राको प्रक्रिया अघि बढ्नेछ । बुद्धिको उपयोगले काम लिने चेष्टा गर्नुहोला ।

**कन्या** साँझतिर कामबाट फुर्सद पाइनेछ । रमाइलो यात्रा गर्ने साइत जुर्नेछ । अतिथिकारूपमा प्राप्त होला । टाढिएका साथीसँग भेटघाट हुनेछ ।

**तुला** शुभचिन्तकहरूको साथ प्राप्त हुनुका उत्साहपूर्ण रहनेछ । पढाइको लगावले बौद्धिक क्षेत्र बन्नेछ । लेखन कलामा पनि निखारता आउने योग छ ।

**बृश्चिक** रोकिएका काम बन्नाले नयाँ कामतर्फ आकर्षित हुने योग देखिनेछ । बिवादजन्य काममा हात हाल्दा थप आलोचित बन्नुपर्ने हुन सक्नेछ ।

**धनु** परिस्थितिअनुसार चल्न नसक्ता दुःख पाइनेछ । विश्वासपात्रबाट धोका हुन सक्छ, सजग रहनुहोला । समयमा लिन नसक्दा काम रोकिन सक्छ ।

**मकर** साँझतिर स्थितिमा सुधार आउनाले नयाँ कामतर्फ अग्रसर भइनेछ । साथीभाइको सहयोग जुट्नेछ । सुखद् समाचारले उत्साह जगाउनेछ ।

**कुम्भ** मिहिनेतले व्यक्तित्व निखार्ने समय छ । दिगो योजना प्रारम्भ हुन सक्छ । फड्को मार्ने समय छ । छोटो समयमै राम्रो उपलब्धि हातलागी हुनेछ ।

**मिन** आकस्मिक खर्चले अर्थ अभाव देखा पर्न सक्छ । आफन्तजनबाट टाढिनु पर्ने अवस्था आउन सक्ला । व्यवसायमा लगानी बढाउनुपर्ने हुन सक्छ ।

**हाम्रो सम्पर्क ठेगाना**
हेटौंडा-२, मानसचोक,
फोन: ०५७-५२२२३७, ०५७-५२४२३६
सम्पादक: ९८५५०६७२३६, समाचार शाखा : ९८४५०२१८०३
बिज्ञापन शाखा : ९८६७४९१३३६
Email: htd.sandesh@gmail.com
Web: ehetaudasandesh.com

# देश राम्रो बन्न ?



✍ राजुराम राउत




नयाँ सरकार गठन हुँदा हरेक नागरिकको मनमा एउटा सानो आशा पलाउँछ । "सायद अब केही फरक हुन्छ कि ?" तर, नेपालका नागरिकले दशकौंदेखि यही आशा बोकेर सरकार फेरिए पनि अवस्था धेरै नफेरिएको यथार्थ भोगिरहेका छन् । त्यसैले अब जनतालाई भाषण होइन, व्यवहार चाहिएको छ । नाराभन्दा नीति र आश्वासनभन्दा परिणाम चाहिएको छ ।

म पनि नयाँ सरकारलाई मनदेखि नै आउँदो पाँच वर्ष सलाम गर्दै सहयोग गर्थें, यदि सरकारले केही आधारभूत प्रतिबद्धता इमानदारीपूर्वक पूरा गर्ने आँट देखाएको भए । किनकि नेपाललाई बदल्न असम्भव छैन, तर त्यसका लागि राज्यले आफ्नो प्राथमिकता बदल्नै पर्छ ।

सबैभन्दा पहिले सरकारले अब थप ऋण लिने संस्कृतिमा ब्रेक लगाउनु पर्छ । अहिले नेपाल यस्तो अवस्थामा पुगेको छ, जहाँ विकासभन्दा ऋणको ब्याज तिर्ने चिन्ता ठूलो बन्दै गएको छ । सडक, पुल, भवन र रंगरोगनलाई विकासको नाम दिइयो । तर, ती योजनाले उत्पादन बढाएनन् । रोजगारी सिर्जना गरेनन् । विदेशबाट ऋण ल्याएर उपभोगमा खर्च गर्ने प्रवृत्तिले देशलाई आत्मनिर्भर होइन, झन् परनिर्भर बनाएको छ ।

आज गाउँमा खेती गर्ने खेत बाँझा छन् । शहरमा विदेशी चामल र तरकारीको व्यापार फस्टाएको छ । यो केवल आर्थिक समस्या होइन । राष्ट्रिय सुरक्षासंग जोडिएको प्रश्न पनि हो । जुन देशले आफ्ना नागरिकलाई पेटभरि खान दिन सक्दैन । त्यो देश कहिल्यै बलियो बन्न सक्दैन । त्यसैले सरकारले किसानलाई भाषण होइन, व्यवहारिक सहयोग दिनुपर्छ । सहुलियत ऋण मात्र दिएर हुँदैन । मल, बीउ, सिंचाइ, प्रविधि र उत्पादनको सुनिश्चित बजार उपलब्ध गराउनु पर्छ । किसानले उत्पादन बेच्न नसकेर सडकमा फाल्ने अवस्था अन्त्य हुनुपर्छ । नेपालमा सबैभन्दा ठूलो विडम्बना के छ भने, उत्पादन गर्ने किसान गरिब छन् र उत्पादन न गर्ने बिचौलिया धनी छन् । राज्यको नीति नै गलत ठाउँमा केन्द्रित छ । व्यापारीलाई भ्याट छुट, कर छुट र विशेष सुविधा दिने तर किसानलाई कागजी आश्वासन मात्र दिने प्रवृत्ति अब अन्त्य हुनुपर्छ । सीमितवर्गलाई पोस्ने अर्थनीतिले राष्ट्र बलियो हुँदैन । राष्ट्र तब बलियो हुन्छ, जब गाउँको किसान, मजदुर, साना उद्यमी र युवाले अवसर पाउँछन् ।

भ्रष्टाचार अर्को महत्वपूर्ण विषय हो । नेपालमा भ्रष्टाचार केवल पैसा खाने विषय मात्र रहेन, यो त सामाजिक संस्कारजस्तै बनिसकेको छ । अझ खतरनाक कुरा के छ भने, आरोप लाग्नु र दोषी प्रमाणित हुनुबीचको भिन्नता हराउँदै गएको छ । कसैलाई राजनीतिक प्रतिशोधका आधारमा अपराधी घोषणा गरिन्छ भने कसैलाई पहुँचका आधारमा निर्दोष बनाइन्छ । त्यसैले अब सरकारले एउटा साहसिक कदम चाल्नुपर्छ । भ्रष्टाचारका आरोप लागेका सम्पूर्ण व्यक्तिहरूमाथि निष्पक्ष छानबिन हुनुपर्छ । दोषी भेटिएकालाई कानुनी दायरामा ल्याइनु पर्छ, चाहे त्यो जुनसुकै पार्टी, पद वा पहुँचको किन नहोस् । तर, निर्दोष भेटिएकालाई पनि स्पष्टरूपमा "क्लिन चिट" दिँदै राज्यले "गल्ती भएछ" भनेर स्वीकार गर्न सक्नुपर्छ । लोकतन्त्रमा न्याय केवल सजाय दिने प्रक्रिया होइन, निर्दोषको सम्मान जोगाउने प्रक्रिया पनि हो ।

नेपालको अर्को गम्भीर संकट भनेको युवाको पलायन हो । अहिले गाउँमा खेत बाँझा छन् । घरमा वृद्ध आमाबुबा एक्लिएका छन् । अनि युवाहरू विदेशी भूमिमा पसिना बगाइरहेका छन् । सरकार भने रेमिट्यान्सको तथ्यांक देखाएर खुशी भइरहेको छ । तर, एउटा राष्ट्र आफ्ना युवालाई विदेश पठाएर मात्र समृद्ध बन्न सक्दैन । युरोप, अमेरिकालगायत विदेश जाने युवाका लागि स्पष्ट राष्ट्रिय नीति आवश्यक छ । विदेश जान रोक लगाएर समस्या समाधान हुँदैन । तर, देशसंग सम्बन्ध तोडेर विदेशिने प्रवृत्तिलाई व्यवस्थित गर्न सकिन्छ । कम्तीमा +२ पास गरेर ब्याचलर पढ्दै गर्दा नेपालमै दुई वर्ष सामाजिक कार्य, स्थानीय विकास, कृषि, शिक्षा, स्वास्थ्य वा राष्ट्र निर्माणसंग सम्बन्धित क्षेत्रमा योगदान गरेपछि मात्र विदेश अध्ययनको अनुमति दिने नीति ल्याउन सकिन्छ । यसले युवामा देशप्रतिको जिम्मेवारीबोध बढाउंछ । "एक घर, एक रोजगार" र "एक घर, एक स्वदेश अनि मात्र अर्को विदेश" जस्ता नीतिले पनि धेरै परिवर्तन ल्याउन सक्छन् । हरेक परिवारबाट कम्तीमा एकजना स्वदेशमै उत्पादन, सेवा वा उद्यमसंग जोडिन सके नेपालले बेरोजगारी र पलायन दुवै समस्यालाई केही हदसम्म नियन्त्रण गर्न सक्छ ।

बजेटको प्राथमिकता पनि परिवर्तन हुनुपर्छ । अहिले नेपालमा देखावटी विकासको प्रतिष्पर्धा छ । चुनाव नजिकिंदा सडक कालोपत्रे, गेट निर्माण, पार्क र स्वागतद्वार बनाउन करोडौं खर्च गरिन्छ । तर, उत्पादनमूलक उद्योग, कृषि प्रशोधन, सीप विकास र स्वरोजगारका कार्यक्रम ओझेलमा पर्छन् । यो विकास होइन, राजनीतिक प्रदर्शन हो । अब बजेटले उत्पादन र रोजगारीलाई पहिलो प्राथमिकता दिनुपर्छ । स्थानीयस्तरमै उद्योग खोल्ने, कृषिमा आधारित उद्यम प्रवर्द्धन गर्ने, युवालाई सीपसंग जोड्ने र स्वरोजगारका अवसर सिर्जना गर्ने नीति लागू गर्नुपर्छ । विदेशबाट आयात हुने सामान्य सामग्रीसमेत नेपालमै उत्पादन गर्न सकियो भने लाखौं रोजगारी सिर्जना हुन सक्दछ ।

नेपालमा वृद्धावस्था पनि ठूलो सामाजिक चुनौती बन्दै गएको छ । युवाहरू विदेशिएपछि गाउंघरमा वृद्ध नागरिक एक्लिंदै गएका छन् । त्यसैले अब राज्यले दीर्घकालीन सामाजिक सुरक्षा प्रणाली निर्माण गर्नुपर्छ । हरेक रोजगारी व्यक्तिले आफ्नो निश्चित आम्दानीबाट अनिवार्यरूपमा जेष्ठ नागरिक कोषमा रकम जम्मा गर्ने व्यवस्था हुनुपर्छ । बृद्धावस्थामा आवश्यक पर्ने व्यक्तिलाई राज्यले जेष्ठ नागरिक सेवा केन्द्रमार्फत् सेवा उपलब्ध गराउनु पर्छ । जसलाई आवश्यक पर्दैन, उनीहरूलाई सावाँ-ब्याज सहित रकम फिर्ता गरिनुपर्छ ।

यसले राज्यलाई सामाजिक सुरक्षा व्यवस्थापन गर्न सहज बनाउंछ भने नागरिकलाई पनि भविष्यप्रति सुरक्षित अनुभूति गराउंछ । विकसित देशहरूले यस्तै दीर्घकालीन योजना बनाएर आफ्नो सामाजिक संरचना बलियो बनाएका हुन् । नेपाललाई सिंगापुर बनाउने सपना देखाइरहनु आवश्यक छैन । नेपाललाई नेपालकै मौलिकता, श्रम, उत्पादन र इमानदारीले राम्रो बनाउन सकिन्छ । हाम्रो समस्या स्रोतको अभाव होइन । प्राथमिकताको अभाव हो । राज्यले सही ठाउंमा लगानी गर्न सके, युवालाई विश्वास गर्न सके, किसानलाई सम्मान गर्न सके र कानुनलाई निष्पक्ष बनाउन सके नेपाल बदलिन धेरै समय लाग्दैन ।

*: समाप्त :*

# आव २०८३/८४ को बजेटमा कृषि



✍ पदम भण्डारी



सरकारले आर्थिक वर्ष २०८३/८४ को बजेट वक्तव्यमा कृषि क्षेत्रलाई शीर्ष प्राथमिकता दिएको जनाएको छ । कृषि, वन तथा पर्यावरण मन्त्रालयअन्तर्गत कृषि तथा पशुपन्छी विकासका लागि ४६ अर्ब ९२ करोड रुपैयाँ विनियोजन गरिएको छ । गत वर्षको बजेटको तुलनामा यस वर्षको बजेट १८.३७ प्रतिशतले घटेको छ ।

बजेटमा कृषि विषय उठान गरिएका कार्यक्रमहरू कर्णप्रिय लाग्छन् तर नामका लागि ठूला कार्यक्रम घोषणा गरिए पनि तिनको बजेट, कार्यान्वयन क्षमता र भौगोलिक यथार्थसित सामञ्जस्य छैन । बजेट वक्तव्यको सूक्ष्म विश्लेषणले कृषि व्यवसायीकरण, आयात प्रतिस्थापन, निर्यात प्रवर्द्धन र पारिवारिक खेतीलाई सहयोग पुऱ्याउने कुनै ठोस संरचना छैन । यी घोषणाहरूको कार्यान्वयन क्षमता र बजेटको आकार हेर्दा यी नितान्त नाम मात्रका कार्यक्रम बन्ने निश्चित देखिन्छ । सुपरजोन र जोन कार्यक्रम नाम ठूलो तर क्षेत्रफल सानो देखिन्छ । सरकारले २१ सुपरजोन र २०६ जोनका लागि ३ अर्ब ५० करोड रुपैयाँ विनियोजन गरेको छ ।

सरकारले चैते धानलाई प्रवर्द्धन गर्ने भनेको छ तर यसको लक्ष्य अवास्तविक र हास्यास्पद छ । दुई वर्षभित्र चामलमा आत्मनिर्भर बन्ने सरकारको महत्वाकांक्षी लक्ष्य छ । तराई र भित्री मधेसका २२ जिल्लामा चैते धान खेती प्रवर्द्धनका लागि मात्र ३३ करोड रुपैयाँ विनियोजन गरिएको छ । १२ लाख मेट्रिक टन थप धान उत्पादन गर्न करिब ३ लाख हेक्टर अतिरिक्त क्षेत्र चाहिन्छ । त्यसका लागि सिँचाइ, उन्नत बीउ, रासायनिक मल, विस्तार सेवा, कटनीपछिको प्रविधि (कम्बाइन हार्भेस्टर, थ्रेसर, ड्रायर) अनिवार्य छन् । नेपालमा हाल वार्षिक करिब ५६ लाख मेट्रिक टन धान उत्पादन हुन्छ । १२ लाख मेट्रिक टन थप्नु भनेको हालको उत्पादनको २० प्रतिशत वृद्धि हो, जुन अत्यन्त चुनौतीपूर्ण छ । ३३ करोड रुपैयाँ २२ जिल्लामा बाँड्दा प्रतिजिल्ला करिब १.५ करोड रुपैयाँ मात्र पुग्छ । यो रकम एक जिल्लामा एउटा मझौला सिँचाइ पम्प सेट र दुईवटा ट्र्याक्टर खरिद गर्न पनि अपर्याप्त छ ।

सरकारले रासायनिक मल अनुदानका लागि ३२ अर्ब ४६ करोड रुपैयाँ छुट्ट्याएको छ । यो कृषि तथा पशुपन्छी विकासका लागि छुट्ट्याइएको कुल ४६ अर्ब ९२ करोड कुल बजेटको झन्डै ६९.२ प्रतिशत हो । यति ठूलो रकम खर्च गरेर पनि दीर्घकालीन माटो स्वास्थ्य, जैविक मल प्रयोग, उत्पादकत्व वा किसानको क्षमता विकासमा कुनै लगानी हुँदैन । यो शुद्ध कृत्रिम सहारा मात्र हो । बजेटमा लगानी बोर्डमार्फत् मल कारखाना स्थापना गर्ने तयारी छ । नेपालमा यस्ता घोषणा कैयौं पटक भइसकेका छन् । मल कारखाना स्थापनाको चर्चा पटक-पटक भयो तर कार्यान्वयन भएन । यो पनि त्यस्तै हुने सम्भावना उच्च छ, किनकि नेपालमा रासायनिक मल कारखाना खोल्न दुईवटा सम्भाव्य अध्ययन भइसकेका छन् । दुवै प्रतिवेदनले लाभ-लागतको तुलनामा सम्भव छैन भनेको छ ।

पहाडी उच्च मूल्य बालीमा नगण्य बजेट र दुर्गमताको उपेक्षा भएको छ । लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका ८० स्थानीय तहमा जडीबुटी, फलफूल, कफी, अलैंची प्रवर्द्धनका लागि ८३ करोड रुपैयाँ विनियोजन गरिएको छ । ८० स्थानीय तहमा ८३ करोड बाँड्दा प्रतितह करिब १ करोड ४ लाख रुपैयाँ मात्र पुग्छ । यो रकमले एउटा सानो सिँचाइ योजना बनाउन पनि पुग्दैन । स्थानीय तहमा उन्नत बीउ, जल व्यवस्थापन, तालिम, भण्डारण, प्रशोधन सबैको आवश्यकता हुन्छ, जुन यस बजेटबाट सम्भव छैन । यो सबै रकम विस्तृत परियोजना प्रतिवेदन तयार गर्नमा मात्र खर्च हुनेछ ।

उच्च मूल्यका बाली उत्पादन गर्नु मात्र ठूलो कुरा होइन, बरु सँगै बजारसम्म पुऱ्याउने ढुवानी पूर्वाधार (पक्की सडक, हुलाकी सडक, कोल्ड चेन) पनि उत्तिकै चाहिन्छ । दुर्गम पहाडी क्षेत्रको कालोपत्रे नभएको सडकमा फलफूल र जडीबुटी ढुवानी गर्दा नोक्सानीको सम्भावना अत्यधिक हुन्छ । बजेटले यो पक्ष सम्बोधन गर्दैन । उच्च मूल्यका बालीको वास्तविक फाइदा निर्यातमा हुन्छ । तर, बजेटमा ब्रान्डिङ र गुणस्तर परीक्षणको कुरा गरिए पनि सीमा नाकामा नियमित गुणस्तर परीक्षण र अन्तर्राष्ट्रिय बजार पहुँचको संस्थागत व्यवस्था छैन । परिणामस्वरूप, उच्च मूल्यका बाली यथावत् सानो मात्रामा उत्पादन हुनेछन्, निर्यातको सपना सपनै रहनेछ ।

प्रशोधन, भण्डारण र गुणस्तर परीक्षणको कथा पनि पुरानै हो । ठूला कृषि बजार निर्माण, रुपन्देहीको सेमलारमा संकलन प्रशोधन केन्द्र, मोबाइल विषादी परीक्षण टोली, क्वारेन्टाइन प्रयोगशालाको गुणस्तर सुधारजस्ता कार्यक्रम घोषणा गरिएका छन् । ठूला कृषि बजार निर्माण सम्पन्न गर्ने भनिएको छ तर कुनै ठोस बजेट लाइन उल्लेख छैन । प्रतिबजार कम्तीमा पनि २० करोड रुपैयाँ जस्तो लागत लाग्छ जुन बजेटमा उल्लेख छैन । त्यसैले यी आयोजना अलपत्र पर्ने सम्भावना उच्च छ ।

विषादी परीक्षणका लागि मोबाइल टोली मात्र पर्याप्त छैन । सीमा नाका र प्रमुख थोक बजारमा स्थायी प्रयोगशाला चाहिन्छ । मोबाइल टोलीले पत्ता लगाएको विषादीयुक्त तरकारी/फलफूल तत्काल नष्ट गर्ने अधिकारको कार्यान्वयन कसले हेर्ने भन्ने स्पष्ट छैन । यो प्रावधान कागजी मात्र रहनेछ । किसान एप र एसएमएस सेवाजस्ता डिजिटल प्रावधानहरू सहरनजिकका किसानका लागि मात्र उपयोगी छन् । दूरदराजमा इन्टरनेट पहुँच भरपर्दो नभएको, दूरसञ्चार सेवा कमजोर भएको ठाउँमा यी सेवा कसले प्रयोग गर्ने ? यी कार्यक्रमहरू कागजी डिजिटलाइजेसनमा सीमित रहनेछन् । परिणामस्वरूप, किसानले अझै पनि उपज बिचौलियालाई सस्तो मूल्यमा बेच्न बाध्य हुनेछन्, गुणस्तर परीक्षणको कमजोर व्यवस्थाले निर्यातको सम्भावना न्यून रहनेछ । कोल्ड स्टोरेज तथा प्रशोधन केन्द्रको अभावमा उत्पादनको २० देखि ३० प्रतिशत नष्ट हुने क्रम जारी नै रहनेछ ।

कृषिमा युवालाई प्रोत्साहित गर्ने र १ सय स्थानीय तहमा भूमि बैंकको स्थापना गर्ने भनिएको छ । भूमि बैंक, बीमा अनुदान, खरिद सम्झौता र बजार इकोसिस्टम विकास गरी युवालाई कृषिमा आकर्षित गर्ने सरकारको दाबी छ । यी दुवै कार्यक्रममा लागि कुनै ठोस संयन्त्र छैन । कृषियोग्य भूमि बाँझो राख्न नपाइने नीति पहिलेको जस्तै कागजमा मात्रै रहनेछ । व्यवहारमा जग्गाधनीले जमिन अरूलाई उपयोग गर्न दिनेभन्दा बाँझै राख्ने विकल्प रोज्ने गर्छन् । भूमि बैंक स्वेच्छिक र सीमित छ, किसान स्वतः जग्गा लिजमा दिन मान्दैनन् ।

स्टार्टअप कर्जाका लागि ३ प्रतिशत ब्याजमा ७३ करोड रुपैयाँ छुट्ट्याइएको उल्लेख छ, तर यो सामान्य उद्योगका लागि हो, कृषि विशिष्ट होइन । कृषि स्टार्टअपजस्तै हाइड्रोपोनिक्स, स्मार्ट कृषि, मोबाइल कृषि सेवा (ड्रोन प्रविधि) लाई प्रोत्साहन गर्ने कुनै अलग बजेट लाइन छैन । परिणामस्वरूप, युवा पलायन रोकिनेछैन र कृषि वृद्धिउन्मुख तथा कम उत्पादकत्वको संकट यथावत् रहनेछ ।

बाली तथा पशु बीमाको प्रिमियममा ८० प्रतिशत अनुदानका लागि २ अर्ब ३० करोड रुपैयाँ विनियोजन गरिएको छ । तर नेपालमा बाली बीमा दाबी भुक्तानीको प्रक्रिया अत्यन्त झन्झटिलो छ । किसानले क्षति भएको प्रमाण, प्रहरीको घटना प्रतिवेदन, स्थानीय प्रतिनिधिको सिफारिस र बीमा कम्पनीको निरीक्षण टोलीको प्रतिवेदन लिएर धाउनुपर्छ । यो प्रक्रियामा साना किसान हतोत्साहित हुन्छन् । धेरैजसो साना किसानलाई बीमाको प्रक्रिया, प्रिमियम दर र कभरेजको दायरा थाहा हुँदैन । बजेटमा यो जानकारी फैलाउने बजेट कति छ भन्ने स्पष्ट छैन । बीमा कम्पनीहरूले कहिलेकाहीँ प्रिमियम अनुदानको दुरुपयोग गरेर कम कभरेज दिने, फर्जी बीमा गर्ने वा दाबी अस्वीकार गर्ने गरेको पाइन्छ । यसको नियमनको व्यवस्था बजेटमा छैन । परिणामस्वरूप, बीमा अनुदानको ठूलो हिस्सा बीमा कम्पनी र मध्यस्थकर्ताको हातमा पुग्ने, किसानले क्षतिपूर्ति नपाउने अवस्था रहनेछ ।

कार्यक्रम सुन्दर, तर आधार कमजोर र परिणाम बिगतको भन्दा फरक हुनेछैन । बजेटमा कृषि आधुनिकीकरणका कार्यक्रमहरू आकर्षक देखिए पनि तिनीहरूको संरचनागत कमजोरीले व्यवसायीकरण, आयात प्रतिस्थापन र किसानको आय वृद्धि असम्भव देखिन्छ । सुपरजोनको क्षेत्रफल नगण्य हुनुले व्यवसायीकरणको कल्पना मात्र गर्न सकिन्छ । चैते धानको लक्ष्य अवास्तविक छ, ३३ करोड रुपैयाँले १२ लाख मेट्रिक टन थप उत्पादन गर्नु व्यावहारिक रूपमा असम्भव छ । पहाडी क्षेत्रको बजेट नगन्य छ, प्रति स्थानीय तह १ करोड रुपैयाँले केही पनि हुँदैन । प्रशोधन, भण्डारण, गुणस्तर परीक्षणमा लगानी न्यून छ । युवा आकर्षणका लागि अस्पष्ट र अपर्याप्त कोष छ । बीमा कार्यक्रममा पहुँचको अभाव र दाबीको झन्झट उत्तिकै छ । समर्थन मूल्यले बजार प्रतिस्पर्धा घटाउने जोखिम बढ्छ र यो विगतदेखि नै प्रभावकारी छैन ।

जबसम्म पुँजीगत खर्च बढाइँदैन, अनुदानको संरचना परिवर्तन गरी त्यसको ठूलो हिस्सा पूर्वाधा-रमा लगानी गरिँदैन, दूरदराजमा सिँचाइ र सडक पुऱ्याइँदैन, आयात प्रतिस्थापन र गरिब किसानको जीवनस्तर उकास्न सक्दैन ।

*साभार : कोरोबार दैनिक*

# इतिहास, तथ्यांक र दाबेदार खेलाडीहरूको विश्लेषण



काठमाडौं/फुटबल विश्वकपमा टोलीले जित्ने सबैभन्दा ठुलो पुरस्कार ट्रफी भए पनि व्यक्तिगत रूपमा खेलाडीहरूले जित्न चाहने प्रतिष्ठित पुरस्कारमध्ये 'गोल्डेन बुट' प्रमुख मानिन्छ । विश्वकपमा सबैभन्दा धेरै गोल गर्ने खेलाडीलाई प्रदान गरिने यो पुरस्कारले खेलाडीको उत्कृष्ट प्रदर्शनलाई सम्मान गर्ने गर्दछ। सन् २०२२ को कतार विश्वकपमा फ्रान्सका स्टार फरवार्ड किलियन एम्बाप्पेले ८ गोल गर्दै गोल्डेन बुट जितेका थिए। तर फाइनलमा फ्रान्स अर्जेन्टिनासँग पराजित भएपछि पुरस्कार ग्रहण गर्दा उनी मुस्कुराउन सकेका थिएनन्।

विश्वकपमा धेरै गोल गर्नु मात्रै पर्याप्त हुँदैन, तर उत्कृष्ट गोलकर्ता भएको टोलीसँग उपाधि जित्ने सम्भावना भने बढी रहन्छ। सन् २०२६ मा अमेरिका, क्यानडा र मेक्सिकोले संयुक्तरूपमा आयोजना गर्ने विश्वकप नजिकिँदै जाँदा गोल्डेन बुटका सम्भावित दाबेदारहरूबारे चर्चा सुरु भएको छ। बिगतका विजेताहरूको इतिहास, उमेर, टोलीको प्रदर्शन तथा व्यक्तिगत क्षमताका आधारमा यस पटकका सम्भावित विजेताहरूको विश्लेषण गरिएको छ।

**इतिहास हेर्दा ३० वर्षभन्दा माथिका खेलाडीको दाबेदारी कम**

विश्वकप गोल्डेन बुट जित्ने खेलाडीहरूको इतिहास हेर्दा अधिकांश विजेता युवा उमेर समूहका रहेका छन्। अहिलेसम्म ३० वर्ष वा सोभन्दा बढी उमेरमा गोल्डेन बुट जित्ने खेलाडी केवल १ जना मात्र छन्।

सन् १९९८ को फ्रान्स विश्वकपमा क्रोएसियाका डाभोर सुकरले ३० वर्षको उमेरमा ६ गोल गर्दै यो उपलब्धि हासिल गरेका थिए। त्यसबाहेक अधिकांश विजेताहरू २० देखि २९ वर्ष उमेर समूहका छन्। इतिहासअनुसार गोल्डेन बुट विजेताको औसत उमेर २४.७ वर्ष रहेको छ।

कतार विश्वकपमा २४ वर्षीय एम्बाप्पेले ८ गोल गरे भने ३५ वर्षीय लियोनल मेसी ७ गोलमा सीमित भएका थिए। विश्वकप इतिहासमा सबैभन्दा कम उमेरमा गोल्डेन बुट जित्ने कीर्तिमान हंगेरीका फ्लोरियन अल्बर्टको नाममा छ। उनले सन् १९६२ को चिली विश्वकपमा २० वर्ष ८ महिनाको उमेरमा संयुक्त रूपमा शीर्ष गोलकर्ताको सम्मान प्राप्त गरेका थिए। यस पटक स्पेनका युवा स्टार लामिन यमालले पनि उक्त कीर्तिमानलाई चुनौती दिन सक्ने अनुमान गरिएको छ।

**टोलीको सफलतासँग जोडिएको गोल्डेन बुट**

गोल्डेन बुट जित्न व्यक्तिगत प्रतिभा मात्रै पर्याप्त हुँदैन। खेलाडीलाई गोलका अवसर सिर्जना गर्ने बलियो टोली र विश्वकपमा लामो यात्रा तय गर्ने क्षमता आवश्यक हुन्छ। यही कारणले विश्वकपको सफल टोली ब्राजिलले सर्वाधिक गोल्डेन बुट विजेता खेलाडी उत्पादन गरेको छ। ब्राजिलका लियोनिदासले सन् १९३८ मा पहिलो पटक गोल्डेन बुट जितेका थिए भने रोनाल्डोले सन् २००२ मा ब्राजिलका लागि पछिल्लोपटक यो उपलब्धि हासिल गरेका थिए।

समूह चरणमा धेरै गोल गर्नु महत्वपूर्ण भए पनि नकआउट चरणमा पुग्न नसके गोल्डेन बुट जित्ने सम्भावना कम हुन्छ। उदाहरणका लागि, सन् २०१८ को रुस विश्वकपमा क्रिस्टियानो रोनाल्डोले समूह चरणमै ४ गोल गरे। तर पोर्चुगल अन्तिम १६ बाट बाहिरिएपछि उनी थप गोल गर्न सकेनन्। त्यसै प्रतियोगितामा ह्यारी केनले ६ गोल गर्दै इंग्ल्यान्डलाई सेमिफाइनलसम्म पुर्‍याएका थिए र गोल्डेन बुट जितेका थिए। यद्यपि, अपवादका रूपमा रूसका ओलेग सालेन्कोको उदाहरण उल्लेखनीय छ। सन् १९९४ को विश्वकपमा उनको टोली समूह चरणबाटै बाहिरिए पनि क्यामरुनविरुद्ध एकै खेलमा ५ गोल गरेपछि उनले कुल ६ गोल गर्दै गोल्डेन बुट जितेका थिए।

**क्लब फुटबलमा उत्कृष्ट प्रदर्शन गर्ने खेलाडीलाई फाइदा**

विश्वकपअघि क्लब फुटबलमा उत्कृष्ट प्रदर्शन गर्ने खेलाडीलाई गोल्डेन बुट जित्ने सम्भावना बढी देखिन्छ। जर्मनीका थोमस मुलर यसको उत्कृष्ट उदाहरण हुन्। सन् २०१० को दक्षिण अफ्रिका विश्वकपअघि मुलरले जर्मनीका लागि कुनै गोल गरेका थिएनन्। तर बायर्न म्युनिखमा प्रशिक्षक लुइस भान गालको आगमनपछि उनले नियमित अवसर पाए। उनले त्यस सिजन बुन्डेसलिगामा १३ गोल र ११ असिस्ट गरेका थिए। उत्कृष्ट लयमा रहेका मुलरले विश्वकपमा ५ गोल गर्दै गोल्डेन बुट जिते। इतिहास हेर्दा घरेलु लिगमा शीर्ष चारभित्र नपरेका क्लबका खेलाडीले विश्वकप गोल्डेन बुट जितेको घटना निकै दुर्लभ छ। यसले विश्वकपअघि क्लब स्तरमा उत्कृष्ट प्रदर्शनको महत्व स्पष्ट पार्छ।

**गोल मात्र होइन, असिस्ट पनि महत्वपूर्ण**

विश्वकपमा शीर्ष गोलकर्ताहरूको संख्या बराबर भएमा विजेता निर्धारण गर्न असिस्टको संख्या गणना गरिन्छ। सन् २०१० विश्वकपमा मुलर, डिएगो फोर्लान, डेभिड भिल्ला र वेस्ली स्नाइडर सबैले ५-५ गोल गरेका थिए। तर मुलरले ३ असिस्ट दिएका कारण उनले गोल्डेन बुट जिते। यदि गोल र असिस्ट दुवै बराबर भएमा कम समय खेलेको खेलाडीलाई विजेता घोषणा गरिन्छ।

**यी हुन् आसन्न विश्वकपका प्रमुख दाबेदार**

सन् २०२६ विश्वकपमा गोल्डेन बुट जित्ने सम्भावित खेलाडीहरूको सूचीमा सबैभन्दा अगाडि फ्रान्सका किलियन एम्बाप्पे रहेका छन्। उनले पछिल्ला २ विश्वकपमा लगातार उत्कृष्ट प्रदर्शन गरेका छन्। २०१८ मा ४ गोल र २०२२ मा ८ गोल गरेका एम्बाप्पे फ्रान्सको मुख्य आक्रमणकारी शक्ति हुन्।

अर्जेन्टिनाका लागि लियोनल मेसी अझै सम्भावित दाबेदार मानिए पनि उनको उमेर चुनौती बन्न सक्छ। यद्यपि अर्जेन्टिनासँग लाउटारो मार्टिनेज र जुलियन अल्भारेजजस्ता बलिया विकल्प पनि छन्। मार्टिनेजले कोपा अमेरिका २०२४ मा ५ गोल गर्दै शीर्ष गोलकर्ता बनेका थिए भने अल्भारेज युरोपका चर्चित स्ट्राइकरमध्ये एक मानिन्छन्।

**अप्रत्याशित दाबेदारहरू पनि मैदानमा**

स्पेनका मिकेल ओयारजाबालले युरो २०२४ को फाइनलमा निर्णायक गोल गरेका थिए। विश्वकप छनोटमा पनि उनले उत्कृष्ट प्रदर्शन गरेका छन्। लामिन यमाल र निको विलियम्सजस्ता रचनात्मक खेलाडीको साथ पाए उनी गोल्डेन बुटको प्रतिस्पर्धामा देखिन सक्छन्। स्विडेनका अलेक्जेन्डर इसाक र भिक्टर ग्योकेरेस पनि सम्भावित दाबेदार हुन्। चोटका कारण प्रभावित सिजनपछि ताजा अवस्थामा विश्वकप खेल्न पाउनु उनीहरूको फाइदा बन्न सक्छ। नर्वेलाई २८ वर्षपछि विश्वकपमा पुर्‍याएका अर्लिङ हालान्डलाई पनि गोल्डेन बुटको दाबेदार मान्न सकिने आधार छ। उनले छनोट चरणको लय विश्वकपमा कायम राख्न सकेमा उनले गोल्डेन बुट जित्न सक्छन्।

ब्राजिलका राफिन्हा, भिनिसियस जुनियर र इगोर थियागो पनि गोलको खोजीमा रहनेछन्। विशेष गरी राफिन्हाले चोटका बाबजुद उत्कृष्ट आक्रमण क्षमता देखाएका छन्। फ्रान्सका माइकल ओलिसेले बायर्न म्युनिखका लागि पछिल्लो सिजन २२ गोल र ३० असिस्ट गरेका छन्। उनी मुख्यतः अवसर सिर्जना गर्ने खेलाडी भए पनि फ्रान्सले बनाउने धेरै अवसरका कारण गोल्डेन बुट प्रतिस्पर्धामा देखिन सक्छन्।

त्यसैगरी बेल्जियमका रोमेलु लुकाकुलाई पनि पूर्ण रूपमा बेवास्ता गर्न सकिँदैन। बेल्जियमसँग सशक्त मिडफिल्ड र आक्रमण संयोजन रहेको छ। यदि समूह चरणमा उनले कुनै खेलमा धेरै गोल गर्न सके भने उनी पनि शीर्ष गोलकर्ताको दौडमा आउन सक्छन्। विश्वकप इतिहासले देखाएको छ कि गोल्डेन बुट जित्न प्रतिभा, उत्कृष्ट टोली, राम्रो लय र प्रतियोगितामा लामो यात्रा आवश्यक हुन्छ। सन् २०२६ मा यी सबै गुण कसले प्रदर्शन गर्छ भन्ने प्रश्नको उत्तर भने प्रतियोगिता सुरु भएपछि मात्र स्पष्ट हुनेछ।

# मार्सीधानमा छैन सरकारी प्रोत्साहन

जुम्ला/यतिबेला जुम्लाका किसान मार्सीधान रोपाइँमा व्यस्त छन्। जेठ लागेसँगै जुम्लाका आठै पालिकाका किसान धान रोपाइँमा व्यस्त भएका हुन्। जिल्लाको गुठीचौर गाउँपालिका क्षेत्रमा जेठ पहिलो सातामा रोपाइँ भए पनि तातोपानी क्षेत्रमा जेठ दोस्रो सातादेखि रोपाइँ सुरु भएको छ। जुम्लामा पहिलोपटक मार्सीधानको खेती भएको तातोपानी गाउँपालिका-२ र ३ को संयुक्त लाछु ज्युलोमा धान रोपाइँ सुरु हुन बाँकी छ।

विगतमा पहिलो मार्सी खेती भएको झगुरु फोक्टोमा तातोपानी गाउँपालिकाले रोपाइँ महोत्सव मनाउँदै आए पनि पछिल्ला वर्षमा मनाउन छाडेको छ। यद्यपि, विश्वकै अग्लो स्थानमा धान फल्ने छुमचौरमा भने धान रोपाइँ महोत्व हुँदै आएको छ। छुमचौर समुद्री सतहदेखि २ हजार ८ सय ५० मिटर उचाईमा छ। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा अत्यधिक माग बढ्दै गएको मार्सीधानको खेती पछिल्ला वर्ष घट्दै गएको छ। २०७९ को बाढीपहिरोले जुम्लाको १८ हेक्टर मार्सी फाँटमा क्षति पुर्‍याएको थियो भने साढे ४ सय बढी सिचाईं कुला भत्किएका थिए। बाढी प्रभावित मार्सीफाँटको व्यवस्थापन र सिचाई कुलो पुनर्निर्माणमा ध्यान नदिएपछि धानखेती उत्पादन घट्दै गएको छ। विषादी प्रयोगले पनि धान खेती घट्दै गएको छ। स्थानीय किसान दत्त बुढाले जुम्लाका किसानलाई धान रोप्ने चटारो लागेको बताए। 'सिचाई असुबिधाका कारण जुम्लाका गाउँमा निश्चित मिति तोकेर रोपाइँ गर्ने गर्ने चलन छ,' उनले भने-मार्सीधान रोपाइँलाई जुम्लाका हरेक किसानले उत्सवका रुपमा मनाउँछन्। पछिल्ला वर्ष धानखेती गर्ने किसान घट्दै छन्। धानखेतीमा सरकारको कुनै प्रोत्साहन छैन।

लाछु ज्युलोमा २०७९ को बाढीले खेतमा बालुवा गरिएपछि खेती नै हुन छाडेको छ। स्थानीय तहले बालुवा हटाउने, पुनःधान रोप्ने गरी व्यवस्थापन गर्ने भने पनि चासो नदिँदा खेत बाँझो भएको गुनासो छ। धान रोपाइँ सुरु भएसँगै जुम्लाको तातोपानी गाउँपालिकाले ब्युटाक्लोर प्रयोगलाई निरुत्साहित गर्न अभियान नै सञ्चालन गरेको छ। बढ्दो ब्युटाक्लोर प्रयोगले माटोको उर्वरा शक्ति ह्रास भएको, मानव तथा पशु चौपायाको स्वास्थ्य गम्भीर असर पुर्‍याएको र प्रांगारिक जिल्लाको पहिचान खतरामा परेकाले तातोपानीले ब्युटाक्लोर निरुत्साहित अभियान चलाएको तातोपानी गाउँपालिका अध्यक्ष नन्दप्रसाद चौलागाईंले बताए।

## पदाधिकारीसहित १८३ जनाले छाडे राप्रपा



काठमाडौं/राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) छाडेका डा. धवलशमशेर राणाले नयाँ पार्टी गठन गर्ने घोषणा गरेका छन्। बिहीबार काठमाडौंमा कार्यक्रम आयोजना गरेर राणाले नयाँ पार्टी गठन गर्न लागेको घोषणा गरेका हुन्। यसै साता उनले विज्ञप्ति जारी गर्दै पार्टी परित्यागको घोषणा गरेका थिए। राणासँग राप्रपाका केही नेता तथा कार्यकर्ताहरु पनि पार्टी छाडेर नयाँ अभियानमा लागेको बताएका छन्।

पहिलो चरणमा राणासहित उपाध्यक्ष मुकुन्दश्याम गिरी, पूर्वमन्त्री दिलनाथ गिरी, नेता केशबराज श्रेष्ठ, कार्यसम्पादन समिति सदस्य नारायणप्रसाद कोइरालाले राप्रपा छाडेको घोषणा गरेका हुन्। राप्रपा केन्द्रीय पदाधिकारीसहित १ सय ८३ जनाले पार्टी परित्याग गरेका छन्। राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देनको हीनभाव, कमजोरी एवम् आत्मकेन्द्रित शैलीका कारण राप्रपाले आफ्नो नीति छाडेको राजीनामा दिनेहरुले आरोप लगाएका छन्।

## दावाको अविश्वसनीय जीवितयात्रा

काठमाडौं/सगरमाथाको खतरनाक खुम्बु आइसफाल क्षेत्रमा सात दिनसम्म हराएका ओखलढुंगाका ५७ वर्षीय दावा शेर्पा अन्ततः जीवित फेला परेका छन्। हिउँको अन्धकार, अक्सिजनको कमी र कठोर चिसोका बीच उनले गरेको संघर्षलाई उद्धार कर्ताहरुले 'अविश्वसनीय जीवितयात्रा' भनेर वर्णन गरेका छन्।

चैत १३ गते काठमाडौंको रामहिटीबाट हिमालयन ट्राभल्स एड्भेञ्चर कम्पनीमार्फत् उनी सगरमाथा क्षेत्रतर्फ गएका थिए। कुकको रुपमा काम गर्ने दावा हिमालतर्फ उक्लिएका थिए। परिवारका अनुसार उनी क्याम्प १ र क्याम्प २ क्षेत्रमा देखिएका थिए। तर, क्याम्प ४ तर्फ जाने क्रममा उनी अचानक सम्पर्क विहीन भए। दावाकी पत्नी डमु शेर्पाका अनुसार कम्पनीले सुरुका दिनहरूमा स्पष्ट जानकारी दिन सकेन। कहिले क्याम्प ३, कहिले क्याम्प ४ वरिपरि देखिएको भनियो। तर, वास्तविक अवस्था परिवारसम्म स्पष्टरुपमा पुगेन। तीन दिनभन्दा बढी समयसम्म बेपत्ताको औपचारिक जानकारी नदिएको परिवारको आरोप छ।

हिमालको कठोर भुभागमा दावाले आफ्नो जीवनका कठिन घडीहरु सामना गरे। घिस्रिँदै उनी क्याम्प ३ सम्म पुगेका थिए, जहाँ उनले केही खानेकुरा भेट्टाएर खाए। त्यसपछि तल झर्ने क्रममा उनी एक खोंचभित्र रातभर आश्रय लिएर बसे। भोलिपल्ट विहान खुम्बु आइसफल क्षेत्रमा हिमाल सफा गर्ने कार्यमा खटिएको ६ जनाको टोलीले उनलाई फेला पारेको हो। सगरमाथा आधार शिविरनजिक क्याम्पोन पोइन्ट क्षेत्रमा उनी हिउँमा घिस्रिरहेको अवस्थामा देखिएका थिए। टोलीले तत्काल उनलाई उद्धार गरी सुरक्षित स्थानमा पुर्‍याएको थियो।

उद्धारपछि उनलाई हेलिकोप्टर मार्फत् काठमाडौं ल्याइ ह्याम्स अस्पतालमा भर्ना गरिएको छ। चिकित्सकका अनुसार उनको अवस्था स्थिर छ तर हात र खुट्टामा गम्भीर फ्रष्टबाइट देखिएको छ। संवेदनशीलता फर्काउन तातो पानीसहित विशेष उपचार जारी छ।

# 'वान डोर पोलिसी' सकारात्मक



काठमाडौं/स्वतन्त्र उर्जा उत्पादकहरुको संस्था नेपाल (इप्पान) का अध्यक्ष गणेश कार्कीले बजेटमा ऊर्जाक्षेत्रका लागि समेटिएका धेरै कार्यक्रम सकारात्मक भए पनि प्रभावकारी कार्यान्वयनमा ध्यान दिनुपर्ने बताएका छन्। राजधानीमा आयोजित एक कार्यक्रममा कार्कीले बजेटमा सरकारले १० वर्षमा ३० हजार मेगावाट् विद्युत् उत्पादन गर्ने लक्ष्य स्पष्टरुपमा अघि सारेको र सबै आयोजनाको पीपीए (पावर पर्चेज एग्रिमेन्ट) गर्ने, वान डोर पोलिसी लागु गर्नेलगायत विषयहरु बजेटमा समावेश हुनु सकारात्मक रहेको बताए।

उनले विगतमा पनि बजेटमा समेटिएका कतिपय कार्यक्रम कानुनी तथा नीतिगत् व्यवस्था अभावका कारण कार्यान्वयन हुन नसकेको स्मरण गराउँदै यसपटक कानुन संशोधन र नीतिगत् सुधारमार्फत् ती व्यवस्था लागु हुनुपर्नेमा जोड दिए।

ऊर्जा विकास र पूर्वाधार निर्माणलाई तीव्रता दिन विशेष प्राथमिकता आवश्यक रहेको उल्लेख गर्दै उनले ऊर्जाक्षेत्रका आयोजनालाई सहज बनाउन वान डोर पोलिसी प्रभावकारीरुपमा लागु गरिनुपर्ने बताए। हाल एउटा आयोजना अगाडि बढाउन विभिन्न मन्त्रालय र निकायमा धाउनुपर्ने अवस्थाले लगानीकर्तालाई कठिनाइ भइरहेको उनको भनाइ थियो।

कार्कीले १० मेगावाट्सम्मका आयोजनाको पीपीए खुला गर्नुपर्ने निजीक्षेत्रको माग सरकारले सम्बोधन गरेको उल्लेख गर्दै अब टेक अर पे मोडलमा पीपीए प्रक्रिया तत्काल सुरु गर्नुपर्ने बताए। कुनै पनि आयोजनाको पीपीए नगर्ने भनेर कतै उल्लेख नभएकाले सरकारलाई पीपीए प्रक्रिया अगाडि बढाउन आग्रह गर्नुपर्ने उनको भनाइ थियो। उनले ऊर्जाक्षेत्रका नीतिगत् सुधारका लागि निजीक्षेत्र, सरोकारवाला निकाय र सरकारबीच सहकार्य आवश्यक रहेको बताए। बजेटमा समेटिएका विषय कार्यान्वयनमा लैजान निजीक्षेत्रले पनि सक्रिय भूमिका खेल्नुपर्ने उनको भनाइ थियो।

इप्पान उपाध्यक्ष मोहन डाँगीले हालैको बजेटले निजीक्षेत्रलाई सम्बोधन गर्न नसकेको बताए। डाँगीले सत्तारुढ रास्वपाले चुनावी वाचापत्र र सरकारको १ सय बुँदे कार्यक्रममा उत्साहजनक भए पनि बजेटले ऊर्जाक्षेत्रसँगै निजीक्षेत्रका अपेक्षाहरु पूर्णरुपमा सम्बोधन गर्न नसकेको बताए। उनका अनुसार सत्तारुढ दलको बाचापत्र र त्यसपछिको १ सय बुँदे कार्यक्रमलाई निजीक्षेत्रले सकारात्मकरुपमा लिएर स्वागत गरेका थिए। तर, प्रतिवद्धताअनुसार बजेट आएन। बजेटमा समावेश भएका कतिपय विषयहरु सकारात्मक रहेको उनको भनाइ छ।

डाँगीका अनुसार १० मेगावाट्सम्मका आयोजनाको पीपीए खुला गर्ने व्यवस्था सकारात्मक भए पनि त्यसभन्दा माथिका आयोजनाको भविष्यबारे स्पष्टता छैन। ऊर्जाक्षेत्र ठूलो लगानी गर्ने तयारीमा देखिए पनि निजीक्षेत्रको योगदानलाई सरकारले पर्याप्त महत्व दिएको छैन। हाल देशको कुल विद्युत् उत्पादनमा निजीक्षेत्रको महत्वपूर्ण योगदान रहेको उल्लेख गर्दै डाँगीले उत्पादन भइरहेको करिब ४ हजार ३ सय मेगावाट्मध्ये ३ हजार ५ सय मेगावाट् निजीक्षेत्रबाट आएको स्मरण गराए।

यस्तो योगदान हुँदाहुँदै पनि नीतिगत् र बजेटीय व्यवस्थामा निजीक्षेत्रलाई प्राथमिकता नदिइएको उनको गुनासो थियो। ऊर्जाक्षेत्रका संरचनागत् र नीतिगत् समस्या समाधानका लागि निजीक्षेत्र एकजुट भएर सरकारसँग संवाद र पहल गर्नुपर्ने आवश्यकता रहेको उनको भनाइ थियो।

इप्पान उपमहासचिव प्रकाश दुलालले सरकारको आगामी बजेटमा उल्लेखित २८ हजार ५ सय मेगावाट् विद्युत् उत्पादनको लक्ष्य अव्यवहारिक रहेको बताए। ऊर्जाक्षेत्रका लागि छुट्याइएको ८२ अर्ब बजेट र आवश्यक लगानीबीच ठूलो खाडल रहेको उल्लेख गर्दै उनले पीपीए सहजता, निजीक्षेत्रको सहभागिता र स्पष्ट नीतिगत् सुधारबिना दीर्घकालीन लक्ष्य हासिल हुन नसक्ने चेतावनी दिए। नेपाललाई बिद्युतमा आत्मनिर्भर बनाउन सरकारले बेलैमा त्यसको बिषयमा सरोकारवालासंगको बिचार बिमर्शलाई तिब्रता दिनुपर्ने छ।

## छुट जग्गा दर्ता तथा नामसारीको

## हकदावीसम्बन्धि ३५ दिने सार्वजनिक सूचना

निवेदक: अमोद कुमार सिहं (नाती) जग्गावाला: चन्द्रकला श्रेष्ठ (हजुरआमा)

जिल्ला मकवानपुर साबिक हेटौडा नगरपालिका वडा नं. २ चन्द्रकला श्रेष्ठको नाप नक्सा भएको नापी टोली ४२८ प्र.ना.अ.क्याम्पको मिति २०३९/०१/२० को तोक आदेशबमोजिम कि.नं. ६५३ बदर भई कि.नं. ७६१ र ७६२ चन्द्रकला श्रेष्ठको नाममा कायम भएको र साविक ३१ नम्बर मौजे हेटौंडाको रैती मिरादेवी नेपालको नाममा साविक भोग लगत कायम कि.नं. ७६१ को क्षेत्रफल ज.वि.०-०-११ जम्मा दर्ता गर्न छुट भएकोमा फिल्डबुकवाला चन्द्रकला श्रेष्ठको मिति २०४३/०२/२२ मा मृत्यु भएको र निजको एक मात्र पति शिवमान श्रेष्ठको पनि मिति २०२७/०१/२१ मा नै मृत्यु भईसकेको र निजहरुबाट एक मात्र सन्तान मिरादेवी नेपाल भन्ने मिरादेवी सिंहको मात्र जायजन्म भएकोमा निजको पनि मिति २०५९/०७/१६ मा मृत्यु भएको र निजको एक मात्र पति विनोदकुमार सिंहको पनि मिति २०४१/०६/०९ मा मृत्यु भएकोले निजहरू समेत जग्गावाला हजुरआमा चन्द्रकला श्रेष्ठको हकखाने नजिकको जिवित हकदार एक मात्र नाती अमोदकुमार सिंह भएको र निजले नै निज जग्गावाला हजुरआमा तथा निजको आमा-बुवासमेतको बाचुञ्जेलको पालनपोषण तथा मृत्युपछिको काजक्रिया समेत निज अमोद कुमार सिंहले आफ्नो नाममा एकलौटी छुट जग्गा दर्ता तथा नामसारी गरी पाउँ भनि हेटौडा उपमहानगरपालिका २ नम्बर वडा कार्यालयको च.नं. १२७० मिति २०८१/१०/१५ को हकदार तथा हकभोग खुलेको छुट जग्गा दर्ता तथा नामसारी सम्बन्धि सिफारिस पत्र, च.नं. १८३७ मिति २०८१/१२/२१ को मिरादेवी नेपाल र मिरादेवी सिंह फरक-फरक व्यक्ति नभई एकै व्यक्ति भएको सिफारिस पत्र, च.नं.२५५५ मिति २०८२/०३/१९ को नाता प्रमाणित तथा पालनपोषण काजक्रिया सम्बन्धि सिफारिस पत्र, वडा सर्जमिन मुचुल्का, नाता प्रमाणित प्रमाण पत्र, मृत्यु दर्ता प्रमाणपत्रहरु, नागरिकता प्रमाणपत्रहरु, साविक लगत, फिल्डबुक उतार, प्लट रजिष्टर तथा नक्सा समेत संलग्न राखी द.नं./मि.नं. १२३ मिति २०८१/१२/२९ मा मागदावी निवेदन पेश हुन आएकोले यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ। अतः उल्लेखित तपशिलका जग्गा निवेदकको माग दावी बमोजिम निवेदकको नाममा छुट जग्गा दर्ता तथा नामसारी गरिदिदा अन्य कोही कसैको हक, अधिकार तथा स्वामित्वमा प्रतिकुल असर पर्ने भएमा वा निवेदकहरुको नाममा दर्ता गर्न नमिल्ने भएमा वा निवेदकको माग दावी सत्य नभई झुठा भए वा निवेदकबाहेक अन्य कोही हकदारहरु भए वा निवेदकबाहेक अरु कसैको हकभोग भएको भए वा साँध सधियार तथा सरोकारित व्यक्तिहरुको स्वमित्व लगायतमा प्रतिकुल असर/फरक पर्छ भने वा सरकारी, सार्वजनिक जग्गाहरु, वन जंगल, नदी खहरे, भू-संरक्षणका क्षेत्रहरु घुसेको भए वा धार्मिक तथा पुरतात्विक संरचनाहरुलाई असर पर्ने भए यो सूचना प्रकाशित/जारी मितिले ३५ (पैंतीस) दिनभित्र मालपोत कार्यालय मकवानपुरमा स-प्रमाण दाबी उजुरी गर्न आउनुहोला। अन्यथा निवेदकको मागबमोजिम भई जानेछ, पछि कुनै उजुरबाजुर लाग्ने छैन।

**तपशिल**


| सि.नं. | फिल्डबुकको व्यहोरा | | | | | | साविक लगतको विवरण |
|---|---|---|---|---|---|---|---|
| | जग्गावाला | साविक गा.वि.स./न.पा. | वडा नं. | कित्ता नं. | क्षेत्रफल ज.वि | कैफियत/निवेदक | |
| १. | चन्द्रकला श्रेष्ठ हे.न.पा वडा नं. २ (न.पं. नापी टोली द.नं. ४२८ प्र.ना.अ क्यामपको मिति २०३९/१/२० को तोक आदेश बमोजिम कि. नं. ६५३ बदर भई कि.नं. ७६२ चन्द्रकला श्रेष्ठको नाममा कायम भएको) | हेटौंडा | २ | ६५३ बाट बनेको ७६१ | ०-०-११ | प्रमोद कुमार सिंह | जि.म हेटौंडा न.पं. ३१ नं. हेटौंडा मौजको १७० नं. रैति मीरा देवि नेपाल |

**श्री मालपोत कार्यालय, मकवानपुर**










आवास, संघ/संस्था तथा उद्योगको लागि उपयुक्त जग्गा तपाईको मुल्यमा पाउनु हुनेछ। स्थान: रातोमाटे भोर्ले।
सम्पर्क नं. : ९८४५०२८५०८, ९८४५०३१३४७

हेटौंडा सन्देश दैनिक
म.जि.प्र.का.द.नं:२६/०५८/०५९, म.जि.हु.द.नं:०७/०६३/०६४
२५ औं वर्ष



# अनुमतिबेगर खानी उत्खनन् गरे एक करोड जरिवाना

सन्देश संवाददाता

काठमाडौं/सरकारले खानी उत्खनन्सम्बन्धि विद्यमान खुकुलो व्यवस्था संशोधन गर्दै अवैध उत्खनन् रोक्ने र यस क्षेत्रको उत्पादकत्व बढाउने गरी नयाँ ऐन प्रस्ताव गरेको छ । प्रस्तावित ऐनमा अनुमतिबेगर खानी उत्खनन् गरे एक करोडसम्म जरिवानाको प्रस्तावसमेत गरिएको छ। यसअघि कठोर कानुन नभएका कारण जथाभावी खानी उत्खनन् बढेसँगै सरकारले नयाँ ऐन बनाएर यसलाई कसिलो बनाउन लागेको हो।



उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले खानी तथा खनिज पदार्थसम्बन्धि कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक संघीय संसद्मा पेश गर्नुअघि सर्वसाधारण र सरोकारवालाको जानकारीका लागि सार्वजनिक गरेको छ । प्रस्तावित ऐनमा उलंघनको हकमा जरिवाना र कैदसहित ठूलो सजाय प्रस्ताव गरिएको छ । बिनाअनुमति अन्वेषण वा उत्खनन् गर्नेलाई अन्वेषणको हकमा ५ लाखसम्म जरिवानाको प्रस्ताव छ। तर, उत्खनन्को हकमा भने २५ लाखदेखि १ करोडसम्म जरिवानाको प्रस्ताव गरिएको छ। रेडियोधर्मी खनिज उत्खनन् गरे ५ लाखदेखि १० लाख जरिवाना र ५ देखि १० वर्ष कैद व्यवस्था छ। अधिकारप्राप्त अधिकारीले बिगो, जरिवाना र प्रयोग भएका यन्त्र जफत गर्न सक्नेछन् ।

अनुमति लिएभन्दा फरक काम गर्नेलाई पनि कडा जरिवानाको व्यवस्था विधेयकमा छ । कम्पनीले उत्खनन् कार्य गर्दा अनुमतिपत्रमा उल्लिखित वार्षिक परिमाणभन्दा बढी परिमाणमा खनिज पदार्थको उत्खनन् गरे वा उत्खनन् गरेको वास्तविक परिमाण लुकाइ कम उत्खनन् गरेको भनी झुटो विवरण पेस गरे जरिवाना लाग्नेछ । खानी तथा भुगर्भ विभागका महानिर्देशकले एक लाखदेखि दश लाखसम्म जरिवाना गर्नसक्ने उल्लेख छ । महानिर्देशकले अनुमतिप्राप्त कम्पनीलाई बढी परिमाणमा उत्खनन् गरेको वा वास्तविक उत्खनन् गरेको भन्दा कम देखिएको खनिज पदार्थको परिमाणको बिगो कायम हुन सक्नेमा बिगो र बिगोबराबर जरिवाना गराउन पनि सक्नेछन्। यसबाहेक खानीमा खटिने निरीक्षकको कामकारबाहीमा बाधा वा अवरोध गरे त्यस्ता व्यक्तिलाई निरीक्षकले तत्काल दश हजार जरिवाना गर्न सक्नेछन् ।

प्रस्तावित ऐनमा रेडियोधर्मी खनिजका लागि विशेष प्रावधान राखिएको छ । रेडियोधर्मी खनिज (युरेनियम, थोरियम) को खनिज कार्य गर्ने अधिकार नेपाल सरकारलाई मात्र हुनेछ । यस्तो कार्य गर्न विभागको अनुमतिपत्रसँगै रेडियोधर्मी पदार्थ नियमन गर्ने निकायको पूर्वस्वीकृति अनिवार्य गरिएको छ । विधेयकको दफा ३ मा नेपाली भूमिको सतह वा भुगर्भमा पाइने कुनै पनि प्राकृतिक खनिज सरकारी सम्पत्ति हुने उल्लेख छ । सोहीअनुसार उत्खनन्को मुख्य अधिकार नेपाल सरकारमा रहने तर प्रदेश र स्थानीय तहलाई समेत नेपाल राजपत्रमा सूचना प्रकाशन गरी उत्खनन् कार्य गर्न वा गराउन पाउने व्यवस्था गरिएको छ ।

ऐनको दफा ४ अनुसार खनिज अन्वेषणको अधिकार प्रदेश कानुनबमोजिम हुनेछ । यदि एउटै खनिज दुईभन्दा बढी प्रदेशमा फैलिएको छ भने सम्बन्धित प्रदेशको आपसी सहमतिमा अन्वेषण गर्नुपर्नेछ। सहमति नभए नेपाल सरकारले विभागमार्फत् अन्वेषण गर्न सक्ने उल्लेख छ। सरकारले प्रस्ताव गरेको नयाँ खानी तथा खनिज पदार्थ विधेयकमा नेपालभित्र पाइने सबै खनिजलाई सरकारी सम्पत्ति घोषणा गरिएको छ। यस विधेयकले खनिज अन्वेषण, उत्खनन्, संरक्षण र कर प्रणालीलाई संघीय ढाँचाअनुसार पुन:संरचित गरेको छ । विधेयकले ढुंगा, गिट्टी, बालुवा, माटो र स्लेट जस्ता साधारण निर्माणमुखी खनिजको अनुमतिपत्र स्थानीय तहले वातावरणीय अध्ययन प्रतिवेदनका आधार मा जारी गर्न पाउने व्यवस्था गरेको छ। यसले स्थानीय विकासका लागि निर्माण सामग्रीको पहुँचलाई सहज बनाएको छ।

विधेयकको दफा ८ अनुसार सरकारले राष्ट्रिय हित, प्रयोग र उपलब्धता हेरी कुनै खनिजलाई रणनीतिक वा सामरिक महत्वको घोषणा गर्न सक्नेछ। त्यस्तो खनिजको उत्खनन् पूर्णरुपमा नेपाल सरकारकै स्वामित्वमा रहेको कम्पनीमार्फत् हुनुपर्ने उल्लेख छ । अन्वेषण अनुमतिपत्रको अवधि बहुमूल्य खनिजका लागि ३ वर्ष, महत्वपूर्णका लागि २ वर्ष र सामान्य खनिजका लागि १ वर्ष तोकिएको छ। उत्खनन् अनुमतिपत्र अति सानास्तरका लागि १० वर्षदेखि ठूलास्तरका लागि ३० वर्षसम्म हुनेछ। नवीकरण, अवधि थप र अनुमतिपत्र रद्धसम्बन्धि स्पष्ट प्रावधान राखिएको छ । उत्खनन् अनुमतिपत्रप्राप्त कम्पनीले खनिजको प्रकार र गुणस्तरको आधारमा अनुसूची-४ बमोजिम रोयल्टी तिर्नुपर्नेछ । रोयल्टीको १० प्रतिशत् रकम स्थानीय खनिज उपयोग शुल्कबापत् सम्बन्धित स्थानीय तहमा बुझाउनुपर्ने व्यवस्था छ । प्रतिवर्ग किलोमिटर भुबहालसमेत तोकिएको छ।

विधेयकले खनिज उद्योग स्थापनाका बखत दिइएको छुट, सुविधा र सहुलियतमा प्रतिकूल असर पर्ने व्यवस्था नगर्ने प्रत्याभूति दिएको छ। सरकारले राष्ट्रिय वा अन्तर्राष्ट्रिय परामर्शदाताबाट खनिज अन्वेषण, उत्खनन् र भण्डारण अध्ययन गराउन सक्नेछन् । विधेयकले खानी तथा खनिज पदार्थ ऐन, २०४२ लाई पूर्णरुपमा खारेज गर्दै सोहीबमोजिम भएका कामलाई यस ऐनअन्तर्गत् मानिने उल्लेख गरेको छ। खानी तथा खनिज पदार्थसम्बन्धि कानुन संशोधन र एकीकरण गर्न बनेको विधेयकको मस्यौदाउपर विधायन ऐन, २०८१ को दफा ६ को उपदफा (२) को प्रयोजनका लागि प्रकाशन गरिएको हो।

# लाइफलाइनको पुल तत्काल नबन्ने

सन्देश संवाददाता

काठमाडौं/सरकारले पूर्वपश्चिम हुलाकी राजमार्गको सिराहा-धनुषा जोड्ने भत्केको पुलको स्थानमा तत्काल नयाँ पुल निर्माण नहुने स्पष्ट पारेको छ । भत्केको पुलको स्थान (वरिपरि हुने गरी) नयाँ पुल निर्माण गर्नुपर्ने माग राखेर पछिल्लो ५ वर्षदेखि सिराहा र धनुषाका बासिन्दाहरु संयुक्तरुपमा आन्दोलन गर्दै आएका छन् ।



सरकारले जेठ १५ गते सार्वजनिक गरेको आगामी आर्थिक वर्ष २०८३/०८४ को बजेटमा समेत उक्त पुलको विषयमा सम्बोधन नभएको भन्दै सिराहा र धनुषाका स्थानीय ती दुवै जिल्लाका साथै जनकपुरस्थित प्रदेश सरकारको कार्यालय दैनिकरुपमा घेराउ गरी आन्दोलन गर्दै आएका छन् । स्थानीयस्तरमा नयाँ पुलको माग गर्दै आन्दोलन भइरहे पनि सरकारी अधिकारीहरुले हालको बजेटमा नयाँ पुल बनाउने कार्यक्रम नरहेको स्पष्ट पारेका छन्। हाल भइरहेकै पुललाई मर्मत र पुनर्स्थापना गरेर सञ्चालनमा ल्याउनु सरकारको मुख्य प्राथमिकता भएको सरकारी अधिकारीको भनाइ छ । स्थानीयले नयाँ पुल निर्माणको विषयमा संघीय सरकारले ठगेको भन्दै सकेसम्म प्रदेश सरकारले पुल निर्माणको लागि बजेट बिनियोजन गर्नुपर्ने माग राखेर दबाब दिँदै निरन्तररुपमा आन्दोलन गर्दै आएका छन्।

नयाँ पुल निर्माण गर्नुपर्ने माग राखेर स्थानीयले आन्दोलन थालेको वर्षौं बिते पनि सरकारले भने तत्काल नयाँ पुल निर्माण गर्ने योजना नभएको प्रष्ट पारेको हो । तराई मधेसको लाइफलाइनका रुपमा हेरिएको हुलाकी राजमार्ग मधेस प्रदेशको राजधानी जनकपुरधामसँग जोड्ने छोटो दुरीको राष्ट्रिय गौरवको आयोजना पनि हो । भत्किएको पुरानो पुललाई मर्मतसम्भार गरी सञ्चालनमा ल्याउन लागिएको बताउँदै हुलाकी राजमार्ग निर्देशनालयका आयोजना निर्देशक कुवेर नेपालीले तत्काल उक्त स्थानमा नयाँ पुल निर्माण गर्ने संघीय सरकारको योजना नरहेको प्रष्ट पारे। उनका अनुसार पुरानो पुललाई पुरानै अवस्थामा फर्काउने (रिस्टोरेसन) गरी काम भइरहेको छ ।

'भत्केको पुलको बिग्रिएको, भत्किएको र धसिएको भागलाई पूर्णरुपमा नयाँ बनाउनुको साटो बिग्रेको भागलाई मर्मतसम्भार वा केही नयाँ संरचना थप पुनर्निर्माण गरेर पुरानै डिजाइन र क्षमतामा फर्काउने गरी द्रुतगतिमा काम भइरहेको छ,' आयोजना निर्देशक नेपालीले भने-म्याद थपपश्चात् असारमा मर्मतसम्भार गरी हस्तान्तरण हुने लक्ष्य राखेका छौं । वर्षा महिना सकिएलगत्तै उक्त पुलबाट सवारी साधन सञ्चालन हुने गरी खुला गर्ने तयारी गरेका छौं। ठेक्का सम्झौता अनुसार मर्मतसम्भारपश्चात् हस्तानान्तर हुने उक्त पुलको नियमित रेखदेख र मर्मतसम्भारको जिम्मेवारी ठेकेदार कम्पनीको छ।

उक्त शर्तअनुसार हस्तानान्तरण भएको पुल आगामी ५ वर्षसम्म सम्बन्धित ठेकेदार कम्पनीले हेर्ने भएकाले त्यस अवधिभित्र नयाँ पुल निर्माणको कुनै अवस्था नरहेको आयोजना निर्देशक नेपालीले प्रष्ट पारे । 'पाँच वर्षपछि उक्त पुलमा कुनै प्राविधिक समस्या आइहाल्यो भने पनि सामान्य मर्मतसम्भार गरेर सञ्चालन योग्य बनाउन सकिन्छ । सञ्चालन गर्न अयोग्य भएको अवस्थामा मात्र संघीय सरकारले नयाँ पुल निर्माणको विषयमा तयारी गर्न सक्छ,' नेपालीले भने । निर्देशनालयका अनुसार पुल निर्माण सम्पन्न भएर सरकारलाई हस्तान्तरण गरेपछि पनि ५ वर्षसम्म 'डिफेक्ट लायबिलिटी पिरियड' (डीएलपी) अर्थात् मर्मतसम्भारको ग्यारेन्टी अवधि रहनेछ । ५ वर्ष अवधिमा पुलमा कुनै पनि प्राविधिक समस्या आए त्यसको सम्पूर्ण जिम्मेवारी र खर्च सम्बन्धित ठेकेदार कम्पनीले नै बेहोर्नुपर्ने कानुनी व्यवस्था छ। मर्मत अवधि सकिएपछि मात्र आवश्यकता अनुसार नयाँ पुलको प्रक्रिया अघि बढ्न सक्ने निर्देशनालयका इञ्जिनियरहरुको भनाइ छ।

असार मसान्तसम्म सुपर स्ट्रक्चरको काम सकिएपछि र बर्खापछिको नदीनियन्त्रण कार्य सम्पन्न भएपछि कमला पुलले स्थायीरुपमा निकास पाउने अपेक्षा गरिएको छ । हालको १० प्रतिशत् काममा विशेषगरि स्टिल स्ट्रक्चर राख्ने र एप्रोच रोडको व्यवस्थापन गर्ने कार्य बाँकी छ, जुन असारभित्र सक्ने लक्ष्य निर्देशनालयको छ । पुललाई सुरक्षित र भारवहन क्षमतायुक्त बनाउन यसपटक लाइट स्ट्रक्चर प्रविधि अपनाइएको छ । पहिलेको सिमेन्टेड स्ल्याबको सट्टामा स्टिल प्रयोग गरिएको छ । यसले पुलको आफ्नै तौल (सेल्फवेट) कम गर्न सहयोग गर्नेछ ।

दुवै जिल्लाका स्थानीयका अनुसार ठेकेदारको चरम लापरबाहीको कारण बाढीको भेलले दुई वटा जग भासिएर ४ वटा स्पान (पिलर) क्षतिग्रस्त भएको अवस्थामा पुनर्निर्माणपश्चात् पनि उक्त पुल भरपर्दो र सुरक्षित नहुने भन्दै नयाँ पुल निर्माण गर्नुपर्ने माग राखेर आन्दोलन गर्दै आएका हुन् । प्राविधिकरुपमा सिराहा खण्डतर्फ पहिले दुई वटा स्पान रहेकोमा त्यसलाई बढाएर तीन वटा पुऱ्याइएको छ । धनुषातर्फको संरचनामा भने खासै समस्या नरहेको र सिराहापट्टिको धसिएको भागलाई प्राथमिकतासाथ उठाइएको छ। 'असारसम्म पुलको सुपरस्ट्रक्चर (माथिल्लो भाग) को काम पूर्णरुपमा सकिनेछ,' उनले भने-कुनै ठूलो प्राकृतिक विपद् वा भीषण बाढी नआएमा यो बर्खा नै अन्तिम हुनेछ, जसका लागि स्थानीयले डाइभर्सन खोज्नुपर्नेछ । बर्खा सकिएलगत्तै नदीनियन्त्रणको काम पनि दीगोरुपमा सम्पन्न गरिनेछ । हुलाकी सडक कार्यालय जनकपुरको कार्यक्षेत्रभित्र सिराहा, धनुषा, महोत्तरी र सर्लाही गरी चार जिल्ला पर्दछन् । यी जिल्लामा सडक र पुल निर्माणका लागि सरकारले चालु आर्थिक वर्षमा करिब ६५ करोड विनियोजन गरेको छ । निर्देशनालयअन्तर्गत् ८ कार्यालयका लागि कुल ४ अर्ब विनियोजन गरिएकोमा जनकपुर कार्यालयले प्राप्त गरेको बजेटबाट ६१ वटा पुलको व्यवस्थापन भइरहेको छ । ६१ वटा पुलमध्ये २२ वटाको निर्माण कार्य पूर्णरुपमा सम्पन्न भइसकेको छ । बाँकी २१ वटा पुल निर्माणाधीन अवस्थामा छन् भने १८ वटा पुलको ठेक्का लाग्न बाँकी छ।

निर्देशक नेपालीका अनुसार सरकारले हुलाकी राजमार्गलाई उच्च प्राथमिकता राख्दै आगामी तीन वर्षभित्रमा देशभर निर्माणाधीन अवस्थामा रहेका ७० वटा पुललाई सम्पन्न गर्ने लक्ष्य राखेको छ। कमला पुल त्यसै योजनाको एक महत्वपूर्ण हिस्सा हो। विगतमा प्राविधिक कारणले समस्याग्रस्त बनेको पुल अब अन्तिम चरणमा पुगेकाले सिराहा र धनुषाका बासिन्दाले छिट्टै सहज यात्रा गर्न पाउने सुनिश्चित भएको उनले बताए । आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि सरकारले हुलाकी राजमार्ग (पुलसहित) का लागि ४ अर्ब ६५ करोड ६ लाख बिनियोजन गरेको छ।

चालु आर्थिक वर्ष २०८२/०८३ मा उक्त राजमार्गले ३ अर्ब ५६ करोड ४२ लाख बजेट प्राप्त गरेको थियो। निर्माण सम्पन्न भएको पुलको उदघाट्न नहुँदै २०७८ असार १७ गते आएको भिषण बाढीको भेलले क्षतिग्रस्त बनाएको थियो।

# टिकटकर अधिकारी जेलचलान

सन्देश संवाददाता



काठमाडौं/सामाजिकसञ्जाल टिकटकमार्फत् चर्चामा आएकी तुलसा अधिकारीलाई अदालतको आदेशपछि जेलचलान गरिएको छ । अधिकारीलाई केही समयअघि थाइल्यान्डको बैंककबाट पक्राउ गरी नेपाल ल्याइएको दाबी गरिएको छ। उनीविरुद्ध दर्ता भएको मुद्धामा अनुसन्धान तथा न्यायिक प्रक्रिया अघि बढेपछि अदालतले पुर्पक्षका लागि कारागार पठाउने आदेश दिएको स्रोतले जनाएको छ।

अधिकारीलाई नेपाल ल्याएपछि सम्बन्धित निकायले आवश्यक अनुसन्धान गरेको थियो। त्यसपछि भएको थुनछेक बहसका आधारमा अदालतले उनलाई जेलचलान गर्ने आदेश दिएको बताइएको छ । यद्यपि, उनीमाथि लगाइएका आरोप, पक्राउको कारण र अदालतको आदेशसम्बन्धि विस्तृत विवरण भने सार्वजनिक हुन बाँकी छ। सम्बन्धित निकायले आधिकारिक जानकारी सार्वजनिक गरेपछि थप विवरण खुल्ने अपेक्षा गरिएको छ। यस घटनाले सामाजिकसञ्जालमार्फत् चर्चामा आएका व्यक्तिहरुसम्बन्धि कानुनी कारबाही र नियमनको विषयलाई पुन: चर्चामा ल्याएको छ।

# अध्ययन बिदाबाट नफर्केकाबाट २ अर्ब नोक्सान

सन्देश संवाददाता

काठमाडौं/शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले अध्ययन बिदा लिएर सेवामा नफर्किएका त्रिभुवन विश्वविद्यालयका हालसम्म ४१ प्राध्यापकबाट १० करोड ४६ लाख बढी रकम फिर्ता भएको जानकारी गराएका छन्।

अध्ययन बिदा लिएर सेवामा नफर्किएका प्राध्यापकहरुबाट शिक्षा मन्त्रालयको पहल तथा त्रिविको सक्रियतामा हालसम्म १० करोड ४६ लाख भन्दा बढी रकम फिर्ता भएको छ । यससँगै थप प्राध्यापकहरु पनि रकम फिर्ता गर्ने प्रक्रियामा सहभागी भइरहेको मन्त्री पोखरेलले उल्लेख गरे ।

मन्त्री पोखरेलले अध्ययन बिदा विश्वविद्यालयलाई दक्ष, अनुसन्धानमुखी तथा अन्तर्राष्ट्रियस्तरको प्राज्ञिक जनशक्ति उपलब्ध गराउने उद्धेश्यले प्रदान गरिने विशेष सुबिधा भएको उल्लेख गरे । उनले सार्वजनिक स्रोत र राज्यको लगानीबाट प्राप्त उक्त अवसरको उपयोगपछि सेवामा नफर्किने प्रवृत्तिका कारण विश्वविद्यालयले आर्थिक, शैक्षिक तथा नैतिक क्षति बेहोर्दै आएको भन्दै विश्वविद्यालयको साख गिराउने किसिमका यस्ता क्रियाकलाप आगामी दिनमा दोहोरिन नहुनेमा उनको जोड छ।



तथ्यांकअनुसार हालसम्म ४१ प्राध्यापकले रकम फिर्ता गरेका छन्। यसबाट १० करोड ४६ लाख ५६ हजार ८ सय ४ रुपियाँ जम्मा भएको छ। अध्ययन बिदामा बसेर नफर्किने १ सय ९१ प्राध्यापकमध्ये ४१ जनाले रकम फिर्ता गरेका। ६२ जनाले रकम फिर्ताका लागि समितिसमक्ष निवेदन दिएका छन् । यीमध्ये ५४ जनालाई समितिले पत्र काटेको छ। मन्त्री पोखरेलले चासो देखाएपछि त्रिविले कामलाई थप तीव्रतासाथ अध्ययन गरिरहेका छन् । त्रिविका प्राध्यापक नफर्किंदा दुई अर्ब बढीको नोक्सानी भएको जनाइएको छ । अध्ययन बिदाको दुरुपयोग गरी त्रिविलाई हानिनोक्सानी पुऱ्याएबारे सरकारले चासो लिएपछि अध्ययन बिदामा गएर नफर्किने प्राध्यापकहरुले धमाधम रकम फिर्ता गरिरहेको मन्त्रालयले जनाएको ।

त्रिविको नियमअनुसार शिक्षक-कर्मचारीले पाँच वर्षसम्म अध्ययन बिदा पाउने प्रावधान छ। विश्वविद्यालयले योग्य, दक्ष र अनुसन्धानमैत्री प्राज्ञिक जनशक्ति उत्पादन गर्ने उद्धेश्यले तलबसहित अध्ययन बिदा दिने गरेको हो । मन्त्रालयको पहलपछि त्रिविले छानबिन समिति बनाएर अध्ययन बिदाको दुरुपयोग गर्ने प्राध्यापकहरुको खोजी गरी उनीहरुबाट रकम असुली गरिरहेको छ।

त्रिविले अध्ययन बिदामा गएर नफर्किने शिक्षक-कर्मचारीहरुको खोजबिन गर्न तीन सदस्यीय समिति बनाएको थियो। समितिमा कृष्णहरि आचार्य र दीपक तिवारी सदस्य छन्। समितिले खोजबिन गर्दा करिब ३ सय ८ प्राध्यापकले अध्ययन बिदाको दुरुपयोग गरेको भेटिएको छ । यसबाट त्रिविले आर्थिक क्षतिका साथै शैक्षिक समस्या र नैतिक नोक्सानी व्यहोरिरहेको जनाइएको छ।

त्रिवि कार्यकारी परिषद्ले २०८१ पुस २५ गते छानबिन समिति बनाएको थियो। छानबिन समितिले तयार पारेको प्रतिवेदनमा नफर्किएका ११ जना र बिदा लिएर अध्ययन पूरा नगर्नेमा २ सय ७ जना गरी कुल ३ सय ९८ प्राध्यापक छन् । त्रिविको शिक्षक, कर्मचारी सेवासम्बन्धि नियम २०५० मा तीन वर्षभन्दा बढी पाँच वर्षसम्मको अध्ययन बिदा उपभोग गरेका शिक्षकले फर्केर कम्तिमा पाँच वर्ष सेवा गर्नुपर्ने उल्लेख छ ।

यदि तीन वर्षको अध्ययन बिदा उपभोग गरे कम्तिमा तीन वर्ष विश्व विद्यालयको सेवामा रही काम गर्नुपर्ने नियम छ । मन्त्रालयले यस विषयलाई गम्भीरतापूर्वक लिँदै आवश्यक पहल गर्न त्रिविलाई प्रोत्साहित गरेको र त्यसपश्चात् गरिएको छानबिन तथा कानुनी प्रक्रियाका आधारमा रकम फिर्ता हुने क्रम तीव्र बनेको मन्त्री पोखरेलले जानकारी दिए।

उनले यस उपलब्धि केवल आर्थिक रकम असुलीमा सीमित नभइ सार्वजनिक उत्तरदायित्व सुनिश्चित गर्ने, संस्थागत् अनुशासन कायम गर्ने तथा उच्चशिक्षा प्रणालीप्रति नागरिकको विश्वास सुदृढ गर्ने दिशामा महत्वपूर्ण कदम रहेको बताए। मन्त्री पोखरेलले उच्चशिक्षा क्षेत्रमा सुशासन, जवाफदेहिता र संस्थागत् अनुशासन स्थापित गर्ने सरकारको अभियानले महत्वपूर्ण उपलब्धि हासिल गरेको बताए। शिक्षाक्षेत्रमा सुशासन, पारदर्शिता र उत्तरदायित्वलाई थप मजबुत् बनाउँदै सार्वजनिक स्रोतको संरक्षण तथा उच्चशिक्षाको गुणस्तर अभिवृद्धिका लागि आफ्नो प्रतिबद्धता निरन्तर रहने उनको भनाइ थियो।

# मेयरको घाँटीमा दमाहा

सन्देश संवाददाता

मुगु/जातीय भेदभाव तथा छुवाछुत उन्मुलन राष्ट्रिय दिवसको अवसरमा मुगुको छायानाथ रारा नगर पालिकामा बिहीबार सन्देशमूलक कार्यक्रम सम्पन्न गरिएको छ । दिवसलाई औपचारिकतामा सीमित नराखी व्यवहारमै समानताको सन्देश दिन मेयर विष्णुकुमार भामले दलित समुदायले परम्परागत्रुपमा बजाउँदै आएको दमाहा आफ्नो घाँटीमा बोकेर बाजा बजाएपछि कार्यक्रम विशेष चर्चाको विषय बनेको छ।

छायानाथ रारा नगरपालिका दलित हेल्पडेस्कको आयोजनामा सदरमुकाम गमगढी बजारमा प्रभातफेरी, सडक बहस तथा सांस्कृतिक कार्यक्रमसहित दिवस मनाइएको हो। प्रभातफेरीमा नगर प्रमुख भाम स्वयम् दमाहा घाँटीमा झुण्ड्याएर दलित समुदायका कलाकारहरुसँगै बाजा बजाउँदै सहभागी भएका थिए।

उनीसँगै जनप्रतिनिधि, कर्मचारी, सुरक्षा निकायका प्रतिनिधि, नागरिक समाज, पत्रकार तथा विभिन्न संघसंस्थाका प्रतिनिधिहरुको सहभागिता थियो । गमगढी बजार परिक्रमा गरिएको प्रभातफेरीले जातीय विभेद अन्त्य, सामाजिक समानता, मानवअधिकार र सामाजिक न्यायको पक्षमा सशक्त सन्देश दिएको सहभागीहरुले बताएका छन्। कार्यक्रममा दलित समुदायका कलाकारहरुले दमाहालगायत परम्परागत् बाजागाजा बजाउँदै सांस्कृतिक झाँकी प्रदर्शन गरेका थिए । पञ्चैबाजा, हुड्के नाच, ढाल नाच तथा हरिनो नाचको आकर्षक प्रस्तुति पनि गरिएको थियो। स्थानीय कला, संस्कृति र सामाजिक एकताको सन्देश बोकेका ती प्रस्तुतिले कार्यक्रममा रौनकता थपेका थिए।

सदियौंदेखि दलित समुदायको पहिचान र जीविकोपार्जनसँग जोडिएको दमाहा बाजा नेपाली समाजका विभिन्न संस्कार, पर्व तथा उत्सवको अभिन्न अंग रहँदै आएको छ। तर, ती बाजा बजाउने समुदाय भने लामो समयसम्म जातीय विभेद र छुवाछुतको पीडा भोग्न बाध्य भएको यथार्थलाई उजागर गर्दै नगर पालिकाले यस वर्षको दिवसलाई प्रतीकात्मक र सन्देशमूलक बनाउने प्रयास गरेको जनाएको छ।

प्रभातफेरीपछि आयोजित सडक बहस कार्यक्रममा जातीय विभेदका कारण समाजमा सिर्जना हुने असमानता, यसको अन्त्यका लागि आवश्यक पहल तथा समावेशी समाज निर्माणका उपायबारे छलफल गरिएको थियो । सहभागीहरुले कानुनीरुपमा छुवाछुत दण्डनीय अपराध भए पनि व्यवहारमा विभिन्न स्वरुपमा विभेद कायम रहेकाले चेतना र व्यवहार परिवर्तन आवश्यक रहेको धारणा राखेका थिए।

कार्यक्रममा मेयर भामले जातीय भेदभाव तथा छुवाछुत कुनै एक समुदायको मात्र नभइ समग्र समाजको समस्या भएको बताए । उनले विभेदमुक्त समाज निर्माणका लागि सबै नागरिकले आफ्नो सोच र व्यवहार परिवर्तन गर्नुपर्नेमा जोड दिए । 'दमाहा बाजा कुनै जातविशेषको मात्र होइन, यो हाम्रो साझा संस्कृति हो,' उनले भने-यसलाई सम्मान गर्नु भनेको संस्कृति र यसलाई संरक्षण गर्दै आएका समुदायप्रति सम्मान व्यक्त गर्नु हो। नागरिक समाजका अगुवा रुपबहादुर मल्लले मेयर भामले दमाहा बोकेर बाजा बजाएको दृष्यले समाजलाई विभेद अन्त्यका लागि व्यवहारिक सन्देश दिएको बताए। समानताको कुरा भाषणमा मात्र होइन, व्यवहारमा पनि देखिनुपर्छ भन्ने सन्देश कार्यक्रमले दिएको उनको भनाइ छ।

नगर कार्यपालिका सदस्य बलराम सहनीले यस वर्षको दिवसले औपचारिक कार्यक्रमभन्दा माथि उठेर सामाजिक रुपान्तरणको सन्देश दिएको बताए। मेयर स्वयम् दमाहा बोकेर दलित समुदायसँगै उभिनु समानता, सम्मान र सहअस्तित्वको बलियो उदाहरण भएको उनले बताए। कार्यक्रममा प्रमुख जिल्ला अधिकारी खडानन्द खत्री, सुरक्षा निकायका प्रमुख, विभिन्न सरकारी तथा गैर सरकारी निकायका प्रतिनिधि, नागरिक समाजका अगुवाको उपस्थिति थियो।

सहभागीहरुले नेपाल सरकारले २०६३ जेठ २१ गते नेपाललाई जातीय छुवाछुतमुक्त राष्ट्र घोषणा गरेको भए पनि समाजमा केही हदसम्म विभेदका अवशेष विद्यमान रहेको उल्लेख गर्दै यस्ता कुसंस्कार अन्त्य गर्न स्थानीय तहको भूमिका महत्वपूर्ण हुने बताएका थिए। मेयर भामको सक्रियता र प्रतिबद्धता प्रशंसनीय रहेको भन्दै दलित अगुवाहरुले विभेदमुक्त समाज निर्माणका लागि यस्ता अभियानलाई निरन्तरता दिनुपर्नेमा जोड दिएका छन्।

छायानाथ रारा नगर पालिकाले निकट भविष्यमा नगर पालिकालाई छुवाछुतमुक्त घोषणा गर्ने लक्ष्यसहित दलित समुदायको हकअधिकार संरक्षणका लागि विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको छ।

# २ लाख ८२ हजार नयाँ यातायातसाधन दर्ता



सन्देश संवाददाता

काठमाडौं/मुलुकमा सवारीसाधनको संख्यामा तीव्र वृद्धि भइरहेको छ। आर्थिक वर्ष २०८२/०८३ को फागुन मसान्तसम्म आइपुग्दा देशभर कुल ६२ लाखभन्दा बढी सवारीसाधन दर्ता भएका हुन् । आर्थिक सर्वेक्षण २०८२/०८३ ले यातायात व्यवस्था विभागको तथ्यांकलाई उद्धृत् गर्दै सार्वजनिक गरेको विवरणअनुसार चालु आर्थिक वर्षको फागुनसम्म बस, मिनिबस, ट्रक, माइक्रोबस, कार र मोटर साइकललगायत विभिन्न विधाका थप २ लाख ८१ हजार ९ सय २१ थान नयाँ यातायातसाधन दर्ता भएका छन्।

यो नयाँ दर्तासँगै २०८२ फागुन मसान्तसम्म नेपालमा दर्ता भएका कुल सवारीसाधनको संख्या ६२ लाख ४९ हजार ७ सय ३२ पुगेको हो । हालसम्म दर्ता भएका कुल सवारीसाधनमध्ये ५० लाखभन्दा बढी मोटरसाइकल छन् । अर्थात्, सडकमा गुड्ने कुल सवारीसाधनको ८० प्रतिशत्भन्दा बढी हिस्सा मोटर साइकलले ओगटेको देखिन्छ । सार्वजनिक यातायातको भरपर्दो व्यवस्था हुन नसक्नु र व्यक्तिगत् सहजताका कारण सर्वसाधारणको रोजाइमा मोटरसाइकल परेको पाइएको छ । साना तथा दुईपांग्रे सवारीको ठूलो संख्याले गर्दा देशभरका मुख्य सहरी क्षेत्रहरुमा ट्राफिक जाम, सडक दुर्घटना र वातावरणीय प्रदुषणको जोखिम बढाएको छ । जसका लागि दीगो यातायात व्यवस्थापन नीति र सार्वजनिक यातायातको सुदृढीकरण अपरिहार्य रहेको पनि सरकारका केही सुधार प्रतिवेदनले औंल्याएका छन्।

*चारपांग्रे ईभीको तीव्र विस्तार*

नेपालमा विद्युतीय सवारी साधन (ईभी) को प्रयोग र आयात दुवै तीव्रगतिमा बढ्दै गएको तथ्यांकले देखाएको छ । भन्सार विभागको विवरणअनुसार आर्थिक वर्ष २०७६/०७७ मा २ हजार ४ सय ५० वटा विद्युतीय सवारीसाधन आयात भएकोमा आर्थिक वर्ष २०८१/०८२ मा यो संख्या बढेर ४४ हजार ५ सय ९ पुगेको छ। यसले ६ वर्ष अवधिमा आयात झण्डै १८ गुणाले बढेको देखाउँछ । नेपालमा विद्युतीय सवारीसाधन (ईभी) प्रवर्द्धनका लागि आवश्यक नीतिगत्, कानुनी तथा संस्थागत् व्यवस्था, वर्तमान अवस्था, अवसर, चुनौतीहरु र सम्भावनाको अध्ययन प्रतिवेदन तयार गर्न गठित कार्यदलले बुझाएको प्रतिवेदनअनुसार सुरुका वर्षहरुमा ईभी बजार मुख्यत: दुईपांग्रे र तीनपांग्रे सवारीमा सीमित थियो । तर, पछिल्ला वर्षमा चारपांग्रे विद्युतीय सवारीको माग उल्लेखनीयरुपमा बढेको छ। आर्थिक वर्ष २०८१/०८२ मा १२ हजार ५ सय ८८ वटा चार पांग्रे (जीप, कार, भ्यान) विद्युतीय सवारी नेपाल भित्रिएका छन्। जुन कुल आयातको करिब २८ प्रतिशत् हो। दुईपांग्रे सवारी अझै पनि ईभी बजारको सबभन्दा ठूलो हिस्सा ओगट्ने क्षेत्र बनेको छ। गत आर्थिक वर्षमा ११ हजार ३ सय २० वटा विद्युतीय मोटरसाइकल तथा स्कुटर आयात भएका छन् ।

१६ हजार ५ सय ४ वटा तीनपांग्रे सवारी आयात भएका छन्। जसले सार्वजनिक तथा व्यावसायिक प्रयोगमा ईभीको लोकप्रियता बढेको संकेत गर्छ । बस तथा मिनिबसको आयात संख्या तुलनात्मकरुपमा कम भए पनि निरन्तर वृद्धि देखिएको छ। आर्थिक वर्ष २०८१/०८२ मा १६ वटा बस र एक हजार २ सय ६० वटा मिनिबस आयात भएका छन् । प्रतिवेदनमा भन्सार विभागको तथ्यांकलाई आधार मान्दै आयात हुने विद्युतीय सवारीमध्ये अधिकांश चीनबाट आएको उल्लेख छ ।

पछिल्ला वर्षहरुमा चिनियाँ ब्राण्डहरुको विस्तार, चार्जिङ पूर्वाधारको विकास, पेट्रोलियम पदार्थको बढ्दो मूल्य तथा सरकारी प्रोत्साहनका कारण ईभीप्रति उपभोक्ताको आकर्षण बढेको देखिन्छ । विशेषज्ञहरुका अनुसार विद्युत् उत्पादनमा आत्मनिर्भरता बढ्दै गएको नेपालका लागि विद्युतीय सवारीको विस्तार आर्थिक तथा वातावरणीय दुवै दृष्टिले लाभदायक हुनसक्छ । यद्यपि, चार्जिङ स्टेसनको पहुँच, स्पेयर पार्ट्स उपलब्धता तथा नीतिगत् स्थायित्व आगामी चुनौतीका रुपमा रहेको बताईएको छ।

प्रकाशक: केदारप्रसाद न्यौपानेद्वारा हेटौंडा सन्देश दैनिकका लागि प्रकाशित/द्रित: सन्देश छापाखाना ।। कार्यालय: हेटौंडा-२ मानस चोक ।। फोन: ०५७-५२२२३७, ५२४२३६, ।। E-mail: htd.sandesh@gmail.com, ।। सम्पादक: माधव न्यौपाने